वर्ष : १७, अंक : १, काठमाडौं, २०७८ बैशाख ३ गते शुक्रबार, 16 April 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित — www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

शुभकामना

नेपालीहरुको नयाा वर्ष २०७८ सालको पुनित अवसरमा हाम्रा सम्पूर्ण पाठक, ग्राहक, शुभेच्छुक, सहकर्मी लगायत सबै हार्दिक मंगलमय शुभकामना ।

मधेशवाणी
The Voice of Madhesh

प्रकाशकीय

हामी १७औं वर्षमा

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित मधेशवाणी राष्ट्रिय साप्ताहिक सफलतापूर्वक १६ वर्ष पूरा गरी १७औं वर्षमा प्रवेश गरेको छ । यो यात्रामा साथ दिने सम्पूर्ण शुभचिन्तक, शुभेक्छुक, पाठकवर्ग, सहयात्री, विज्ञापनदाता लगायत सम्पूर्ण जनमानसमा हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छौं । मधेशलाई केन्द्रमा राखेर आफ्नो देश र जनताको पक्षमा भूमिका निर्वाह गर्दै आएको मधेशवाणी परिवार आजबाट १७औं वर्षमा प्रवेश गरेकोमा हामी हर्षित भएका छौं । मधेशी जनताको हितको संरक्षण र अवरोधको पहिचान गरी सिपाहीको भूमिका निर्वाह गर्न पाएकोमा हामी आफूलाई सौभाग्यशाली ठान्दछौं । मधेश र मधेशीको स्थान/आकारको सुनिश्चितता तथा सम्मानपूर्ण जीवनका निमित्त निरन्तर संघर्षमा रहेको मधेशवाणी परिवारले रंगभेद र स्वसामुदायिक विभेदका विरूद्ध पूर्ववत् रूपमा सक्रिय रहने प्रतिबद्धता समेत जाहेर गर्दछौं ।

अधिकार प्राप्तिको संघर्ष, त्याग र उपलब्धिमा साझापन ल्याउन नसकेको कारण नेतृत्व वर्ग आलोचित हुनु परेको पीडा हामीसँग छ । समानता, समन्याय र समृद्धिका निमित्त सक्रिय राष्ट्रिय साप्ताहिक मधेशवाणीले स्थापनाको १७औं वर्षमा प्रवेश गरेकोप्रति सगौरव आभार प्रकट गर्दछौं । सोच, स्थापना, सहकार्यता र सहयात्रामा सहयोग गर्नु भएका सम्पूर्णलाई हृदयदेखि धन्यवाद व्यक्त गर्दछु । आगामी दिनहरूमा पनि सहयोग, सद्भाव र सल्लाह पाइराख्ने विश्वास छैदैछ । मधेशीलाई अधिकार सम्पन्न बनाउन हामी निरन्तर लागिराख्ने छौं । सम्मानसहितको सहभागिता र रंगभेदमुक्त नेपाल निर्माणमा हाम्रो संघर्ष जारी नै रहनेछ ।

– प्रकाशक

निर्णायक जसपा आन्तरिक मतभेदको शिकार

मधेशवाणी डेस्क

काठमाडौं । संसदको चौथो ठूलो दल जनता समाजवादी पार्टी जसपा पछिल्लो समय सत्ता समीकरणमा साँचो बनेको छ । जसपाले जसलाई समर्थन गर्छ सरकार उसैको हुन्छ । अर्थात जसपाले केपी ओली नेतृत्वको वर्तमान सरकारलाई समर्थन गऱ्यो भने सम्भवतः आगामी निर्वाचनसम्म यहि सरकार रहिरहन्छ तर यदि जसपाले नेपाली काँग्रेस-नेकपा माओवादी केन्द्रको गठबन्धनलाई समर्थन गर्छ भने तीन दलसहितको नयाँ सरकार बन्न सक्छ ।

त्यसकारण अहिले नयाँ सरकार निर्माण र सरकार ढाल्ने खेलमा जसपा निर्णायक बनेको छ । फलस्वरुप पार्टीका अध्यक्ष महन्थ ठाकुर र उपेन्द्र यादव दुवै पक्षको तानातानमा परेका छन् । यद्यपि नयाँ सरकार निर्माणको विषयमा पार्टीभित्र दुई कित्ता देखिएको छ । एउटा कित्ताको नेतृत्व ठाकुर र अर्को कित्ताको नेतृत्व यादवले गरिरहेका छन् ।

ठाकुर ओली नेतृत्वको सरकारलाई समर्थन दिएर आफनो माग पूरा गराउने पक्षमा छन् भने यादवसहित संघीय परिषद्का अध्यक्ष बाबुराम भट्टाराई ओलीको विपक्षमा छन् । उनीहरु ओली सरकार छिटोभन्दा छिटो मुक्त होस् चाहेका छन् ।

२०७७ वैशाख १० गते तत्कालिन दुई तात्कालीन राष्ट्रिय जनता पार्टी र समाजवादीवीच एकीकरण भई जनता समाजवादी पार्टी निर्माण भएको हो । पार्टी एकीकरण हुनु र सत्ता समीकरणमा निर्णायक मानिनु जसपाको लागि ठूलो उपलब्धि हो । पार्टी एकीकरण भएर जसपा निर्माण भए पछि यो पार्टी एउटा शक्तिको रुपमा उदय त भयो तर यसले आफ्नो शक्तिलाई उजागर गर्न सकेको छैन । सरकार परिवर्तनको अहिलेको समयमा जसपा निर्णायक शक्ति भएर सत्ताको साँचो हातमा परेपनि आफ्नो सामर्थ्य देखाउन सर्वथा असफल भएको छ । अहिले जसपामा सत्ता समीकरणमा मुख्य भूमिकामा देखिए पनि पार्टीको आन्तरिक कारणले निर्णय लिन सकिरहेको छैन ।

कुनै बेला मधेशी दलहरूले उठाएका मागको बारेमा सुन्नै नचाहने प्रधानमन्त्री केपी ओली अहिले जसपाले उठाएका माग पूरा गर्न सकारात्मक बनेका छन् । कुनै बेला मधेश विरोधी मानिने ओली अहिले जसपाका माग पूरा गराउन प्रक्रिया नै थाल्न गर्नु जसपाकालागि ठूलो उपलब्धि हो/ ।

प्रधानमन्त्रीले जसपाका माग पूरा गर्न एउटा कार्यदलसमेत गठन गरेका छन् । कार्यदलमा दुवै पक्षका नेताहरूलाई राखिएको छ/ । जसपाले उठाउँदै आएका मागलाई कसरी सम्बोधन गर्ने भन्ने विषयमा छलफल भइरहेको कार्य दलका सदस्यहरू बताउँछन् ।

उपसभामुखमा चासो

प्रतिनिधिसभमा उपसभामुखको पद रिक्त छ । प्रधानमन्त्री ओलीले जसपासँग मिलेर उपसभामुखलगायत संवैधानिक आयोगमा भागबण्डा गर्न तयार देखिएका छन् । सत्ता समीकरणमा मुख्य भूमिका देखिएका जसपा अध्यक्ष यादव र ठाकुर दुवैलाई दुवै पक्षले सत्ता समीरकणमा प्रस्ताव गरेका छन् । यादव माओवादी केन्द्रसँग निकट देखिएका छन् भने ठाकुर ओलीसँग निकट देखिएका छन् । दोस्रो ठूलो दल नेपाली कांग्रेसले पनि जसपाँसग छलफल र संवाद अघि बढाएको छ । वर्तमान ओली सरकारलाई ढालेर आफ्नै नेतृत्वमा सरकार बनाउन कांग्रेसले जसपासँग प्रस्ताव राखेको छ ।

जसपालाई अहिले दुवैतिर सत्ता साझेदारीको प्रस्ताव आएको छ । प्रतिनिधिसभामा जसपाको ३४ जना सांसदको उपस्थिति छ/ । ३४ मध्ये दुईजना सांसद रेशम चौधरी र हरिनारायण रौनियार निलम्बित छन् । जसपाका ठाकुर पक्षीय नेताहरुले जसपाले उठाएको मुद्दा कार्यान्वयन भए यो सरकारलाई समर्थन गर्न सकिने बताउँछन् ।

बाँकी अन्तिम पृष्ठमा

महन्थ ठाकुरको ट्रयाक सही छ

: देवेश झा

अन्तर्वाता पृष्ठ ३ मा

रेशमले पाउलान् आममाफी ?

काठमाडौं । ज्यान मुद्दामा अदालतबाट जन्मकैद ठहर भएका जसपाका सांसद रेशमलाल चौधरीको सजाय माफीका लागि सरकारले प्रक्रिया अगाडि बढाएको छ । पार्टीले निवेदन दिएपछि चौधरीलाई सरकारले कैद सजाय माफी दिन प्रक्रिया अघि बढाएको हो ।

कर्तव्य ज्यान मुद्दामा चौधरीलगायतलाई जिल्ला अदालत कैलालीले जन्मकैद ठहर गरेको थियो । उच्च अदालत दिपायलले समेत जिल्ला अदालतको फैसला सदर गरेको थियो । चौधरी २०७४ फागुन १४ देखि अनुसन्धानका लागि थुनामा छन् । अदालतको फैसलाअनुसार चौधरी २०९४ फागुन १३ सम्म थुनामा रहनुपर्छ ।

जिल्ला अदालतको आदेशविरुद्ध चौधरीले उच्च अदालत दिपायलमा आफू छुट्न पाउनुपर्ने दाबीसहित निवेदन दर्ता गरेका थिए । उच्च अदालतले जिल्ला अदालत कैलालीकै निर्णय सदर गर्दै उनलाई थुनामुक्त गर्न

बाँकी अन्तिम पृष्ठमा

जनमतको अध्यक्षमा राउत निर्विरोध

जनकपुरधाम । डा. सीके राउत नेतृत्वको जनमत पार्टीको नयाँ कार्यसमिति चयन भएको छ । जनकपुरधाममा सम्पन्न पहिलो महाधिवेशनले निर्वाचनका माध्यमबाट नयाँ कार्यसमितिको चयन गरेको छ । अध्यक्षमा डा. राउतलाई कायम राख्दै अन्य पदमा निर्वाचन गराइएको छ । निर्वाचनबाट उपाध्यक्ष पदमा मोहम्मद अब्दुल खान, ई. बसन्त कुशवाहा, ई. दीपक कुमार साह र ई. नरेन्द्र प्रसाद चौधरीले विजयी भएका छन् । यस्तै महासचिवमा चन्दन कुमार सिंह चुनिएका छन् । सदस्यहरुमा रौतहटका डा. सुवन्त कुमार कुशवाहा र ललिचतचन्द्र मल्लिक, सिरहाका संजय कुमार यादव र रामकुमार यादव, रुपन्देहीका भोगेन्द्र प्रसाद यादव, सुनसरीका भवानी महतो र सिताराम पण्डित, सप्तरीका सुरेन्द्र शर्मा र मदनेश कुमार चौधरी, सर्लाहीका नरेश प्रसाद कुशवाहा र राजेन्द्र राय, महोत्तरीका वीरेन्द्र महतो र सञ्जय कुमार यादव निर्वाचित भएका छन् । यस्तै, नवलपरासीका बालगोबिन्द चौधरी, धनुषाका इन्द्रजीत यादव र डा. विनय कुमार पंजियार, बाराका ओमप्रकाश साह र सुनिल कुमार यादव, बाँकेका विष्णु प्रसाद यादव र इरफान अहमद शेख, रुपन्देहीका रामकेश गुप्ता, मोरङका परमेश्वर मुर्गु, कपिलवस्तुका योगेन्द्र चौधरी सदस्य पदमा निर्वाचित भएका छन् । महिला सदस्यमा सिरहाकी अनिता कुमारी मण्डल, धनुषाकी अनितादेवी साह, महोत्तरीकी अन्जनीदेवी मण्डल, सप्तरीकी बविता कुमारी राउत र जुलेखा विवी, सुनसरीकी आशा कुमारी मेहता, दाङकी राधा कुमारी यादव र झापाकी कौशिला देवी महतो निर्वाचित भएका छन् । निर्वाचनमा ४५ सय जनाले मतदान गरेका थिए । बाँकी पदाधिकारी निर्वाचितमध्येबाटै चयन गरिने निर्वाचन प्रमुख संजय कुमार सिंहले जानकारी दिए ।

प्रदेश २ को नाम र राजधानी टुंग्याउन प्रस्ताव अघि बढ्दै

जनकपुरधाम । प्रदेश २ मा विपक्षी दलहरूको दबाबपछि प्रदेशसभा सचिवालयले प्रदेशको नाम र राजधानी तोक्ने प्रक्रिया अघि बढाउने भएको छ । विपक्षी दलहरू नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रको दबाबपछि सभामुख सरोज यादवले यसै साता बोलाएको सर्वदलीय बैठकले प्रदेशको नाम र राजधानी टुंग्याउन प्रक्रिया अगाडि बढाउने निर्णय गरेको थियो । त्यही निर्णयअनुसार प्रदेशसभा सचिवालयले बिहीबार नाम र राजधानीको प्रस्ताव दर्ताका लागि सूचना प्रकाशित गरेको छ । प्रदेश सभा सचिवालयका सचिव रञ्जित यादवकाअनुसार नाम र राजधानीमा दर्ता भएका प्रस्ताव संसद् बैठकमा पेस गरिनेछ/ । गत वर्ष फागुनमा मत विभाजन गरेर प्रदेशको नाम र राजधानी टुंग्याउन मतदान गरिए पनि दुईतिहाइ नपुग्दा सबै प्रस्ताव असफल भएको थियो । प्रदेश सभाले फेरि त्यही प्रक्रियाबाट नाम र राजधानी टुंग्याउन खोजेको छ । प्रदेश सभाका १ सय ७ जना सांसदमध्ये माओवादीका प्रत्यक्ष निर्वाचित ३ र एक समानुपातिक सांसद निलम्बन भएपछि अहिले १ सय ३ जना प्रदेश सांसद छन् । पछिल्लो राजनीति घटना क्रमले प्रदेशको नाम र राजधानी तोक्न सहज रहेको विपक्षी दलहरूको आकलन छ । माओवादीले केही दिनभित्रै समानुपातिक सांसदको नाम सिफारिस गर्ने सचेतक दिलीप साहले बताए । साहका अनुसार माओवादी केन्द्रको नीतिमै मधेस प्रदेश रहेको र आफूहरू राजधानी जनकपुरकै पक्षमा रहेको बताए । नाम र राजधानी टुंग्याउन दुईतिहाइका लागि ६९ जना सांसद आवश्यक छ/ । सत्तापक्ष तत्कालीन संघीय समाजवादी २९, राजपा २५, स्वतन्त्र १ र नेपाल संघीय समाजवादी पार्टी नेपाल १ गरी प्रदेश सरकारसँग ५६ जना सांसद छन् । एमालेको प्रदेश सभामा २१ र माओवादीको ७ सांसद छन् । कांग्रेससँग १९ सांसद छन् । माओवादी केन्द्रका सचेतक साहले आफ्नो दलको पनि एजेन्डा मधेश प्रदेश नै रहेको बताएपछि नाम टुंग्याउन सत्तासीन दल जनता समाजवादी पार्टीसित दुईतिहाई पुऱ्याउन अरू ५ मत आवश्यक पर्नेछ । प्रदेशसभाको पाँचौं अधिवेशन सोमबारदेखि सुरु भएको छ । अर्को बैठक वैशाख १० गते बोलाइएको छ । प्रदेश सभाले चौथो अधिवेशनमा प्रदेश सभाको नाम र राजधानीको प्रस्ताव अह्वान गरिएको थियो । सत्तासीन जनता समाजवादी पार्टीले प्रदेशको नाम 'मधेश' र राजधानी 'जनकपुर', तत्कालीन प्रमुख प्रतिपक्षी नेकपाले प्रदेशको नाम 'जानकी' तथा राजधानी 'धनुषा' र विपक्षी दल कांग्रेसले प्रदेशको नाम 'मिथिला-भोजपुरा' तथा राजधानी 'जनकपुरधाम' राख्ने प्रस्ताव प्रदेश सभामा दर्ता गराएका थिए । तर यी सबै प्रस्तावलाई दुईतिहाइ नपुगेर असफल बनेको थियो । बारा र पर्साका केही सांसदले भने प्रदेशको राजधानी 'वीरगन्ज' राख्ने प्रस्ताव छुट्टै दर्ता गराएका थिए ।

प्रदेश प्रमुख डा.अहिराजसहित विभिन्न व्यक्तिहरूलाई मानपदवी, अलङ्कार र पदक

काठमाडौं । प्रदेश नं. २ का प्रमुख डा.राजेश अहिराजसहित राष्ट्रका विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिहरुलाई राष्ट्रपति विद्यादेवी भण्डारीले मानपदवी, अलङ्कार र पदकबाट सुशोभन गरेकी छन् ।

प्रदेश प्रमुख डा.अहिराजलाई राष्ट्रपति भण्डारीले प्रबल जनसेवाश्री चतुर्थ श्रेणी मानपदवीबाट सुशोभन गरेकी हुन् ।

राष्ट्रपति भवन शीतल निवासमा बुधबार आयोजित समारोहमा मानपदवी, अलङ्कार र पदक गत चैत २७ गते वितरण गर्न बाँकी रहेका व्यक्तिहरुलाई प्रदान गरिएको हो ।

नेपालको संविधानको धारा २७७ को उपधारा १ बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा विभूषण प्रदान गरिँदै आएको छ । विभूषित हुनेहरुको नाम यसअघि सार्वजनिक भइसकेको छ ।

विसं २०७७ असोज ३ गते राष्ट्रिय दिवस तथा संविधान दिवसका अवसरमा उक्त वर्षको विभूषण घोषणा गरिएको थियो ।

विभूषण समितिको सिफारिसमा मानपदवीतर्फ महाउज्जवल राष्ट्रदीप प्रथम श्रेणीबाट दुई, सुप्रसिद्ध प्रवल जनसेवाश्री प्रथम श्रेणीबाट सात, उज्जल कीर्तिमय राष्ट्रदीप द्वितीय श्रेणीबाट एक, प्रसिद्ध जनसेवाश्री द्वितीय श्रेणीबाट एक, सुकीर्तिमय राष्ट्रदीप तृतीय श्रेणीबाट नौ, सुप्रबल जनसेवाश्री तृतीयबाट ११२, कीर्तिमय राष्ट्रदीप चतुर्थ श्रेणीबाट आठ, प्रबल जनसेवाश्री चतुर्थबाट २००, जनसेवाश्री प्रथमबाट ११०, अलङ्कारतर्फ १५५ र पदकतर्फ २८ गरी ६३३ लाई विभूषित गरिने घोषणा भएको थियो ।

बाँकी अन्तिम पृष्ठमा

अहिलेकै सरकारलाई साथ दिने बाहेक जसपासँग विकल्प छैन

० सत्ता समीकरणमा निर्णायक जनता समाजवादी पार्टी नेपाल आफैमा किन अनिर्णित छ ?

– जुनबेला स्व.गजेन्द्र नारायण सिंहको नेतृत्वमा सद्भावना पार्टी गठन भयो, त्यही समयदेखि मधेशका मुद्दाहरु सम्बोधनका लागि हालसम्म हामी संघर्षरत छौं । मधेशका केही आधारभूत मुद्दा र समस्याहरु समाधान होस् भनेर सयौं मान्छे शहीद भए, अंगभंग भए । उनीहरु अहिले पनि विभिन्न मुद्दाहरु खेपिरहेका छन्, राजबन्दी बनाइएको छ । यसबीचमा विभिन्न पार्टीहरुको सरकार बन्यो तर हालसम्म मधेशका मुद्दाहरु समाधान भएको छैन । त्यसकारणले मधेशका मुद्दा सम्बोधनका लागि जसपा अहिलेको अवस्थामा सतर्क छ । जबकि जसपाको अवस्था अहिले क्याबिनेटका लागि निर्णायक छ । सञ्चारमाध्यमहरुले जसपालाई अनिर्णित भनिरहेका छन् । तर हामी अनिर्णयको बन्दी भएका होइनौं । अहिलेसम्म हामीसँग जति पनि सरकारहरुले सम्झौता गरेका छन्, ती सबै उधारोमा भएका हुन । सबै सरकारहरुले हामीलाई विगतमा ठगेकै छन् । त्यसकारण हाम्रा मागहरु सम्बोधनका लागि अहिलेको सरकारले एउटा ठोस आधार देओस्, मुद्दाहरु सम्बोधन गरोस् भनेर जसपा अगाडि बढिरहेको छ ।

० केपी ओली नेतृत्वको सरकारले सकेजति मधेशका मुद्दाहरु सम्बोधन गर्ने आश्वासन दिइरहेको छ र प्रक्रिया पनि सुरु गरिसकेको छ भने अर्कोतिर कांग्रेस र माओवादीले सरकार बनाएपछि सम्बोधन गर्ने भनिरहेको छ । जसपाका लागि कोसँग जाँदा माग सम्बोधन हुने देख्नुहुन्छ ?

– माओवादी केन्द्रले यो सरकारलाई दिएको समर्थन अहिलेसम्म फिर्ता नै लिएको छैन । अर्कोतिर प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसलाई विश्वास गर्न सकिने आधार पनि छैन । भनेपछि वैकल्पिक सरकार निर्माण हुने अवस्था नदेखिएकोले भविष्यमा उनीहरुको सरकार बन्ला र हाम्रो माग पूरा गर्ला भनेर कल्पना मात्र गर्न सकिन्छ । त्यसैले वर्तमान अवस्थामा प्रधानमन्त्री केपी शर्मा ओलीले स्पष्टरुपमा भनिसक्नुभएको छ कि सकेजति मुद्दाहरु सम्बोधन गर्छौं र प्रक्रिया पनि सुरु गरिसक्नुभएको छ । मधेशका समस्याहरु सम्बोधनका लागि उहाँले विभिन्न पाइला चालिसक्नुभएको पनि छ । प्रधानमन्त्री ओली यस विषयमा अहिले एकदमै प्रष्ट र स्पष्ट हुनुहुन्छ । त्यसैले, मधेशका मुद्दाहरु सम्बोधन गराउनका लागि अहिलेकै सरकारलाई साथ दिने बाहेक जसपासँग अर्को विकल्प छैन । मुद्दा सम्बोधनका लागि प्रधानमन्त्री ओलीले देखाउनुभएको अग्रसरतालाई मध्यनजर गर्दै जसपाले समर्थन गर्नैपर्छ ।

० भनेपछि केपी ओली नेतृत्वको सरकारले मधेशका मुद्दाहरु सम्बोधन गर्छ भन्नेमा विश्वास गर्ने अवस्था छ त ?

– निश्चितरुपमा प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले मधेशका मुद्दाहरु सम्बोधन गर्नुहुन्छ भन्नेमा हामी विश्वस्त छौं । किनभने अहिलेका प्रधानमन्त्रीजस्तो कुनै पनि सरकारका प्रधानमन्त्रीले यसअघि मधेशका मागहरु पूरा गर्नका लागि प्रक्रिया सुरु गरेकै थिएनन् । कम्तीमा ओलीले मधेशको भावनालाई बुझ्न थाल्नुभएको छ । हामीले आश्वासनभन्दा पनि परिणामलाई विश्वास गर्ने हो । जगजाहेर नै छ कि विगतमा लिखितरुपमा नै विभिन्न

सत्यनारायण मण्डल
नेता, जसपा नेपाल

सरकारहरुले प्रतिबद्धता गरिसकेका छन् । त्यसैले अहिले कागजी सहमतिभन्दा पनि प्रधानमन्त्री ओलीले गरेर देखाउन खोज्नुभएको हामीले हेरिरहेका छौं । अहिले कांग्रेस र माओवादीलाई सरकार ढाल्ने र

बाँकी पृष्ठ २ मा

सम्पादकीय

नेपाली कांग्रेसको भूमिका

संसदीय लोकतन्त्र संकटमा परेका बेला दलहरुलाई लोकतन्त्रको पहरेदारको रुपमा चिनिन्छ। प्रतिनिसभा विघटन गरेर संविधान मिचेको आरोप खेपेका प्रधानमन्त्री केपी ओलीलाई संसद पुनर्स्थापित भएपछि पनि राजीनामा नदिनु अर्को आरोप लागरिहेको छ। तर जो जसले प्रधानमन्त्रीको कदमको विरोध गरिरहे पनि उनलाई सत्ताच्युत गर्न असक्षम साबित भइरहेका छन्।

अहिलेसम्म सरकारलाई दिएको समर्थन फिर्ता गर्ने निर्णयसम्म गर्न नसकेको ओलीको पुरानो साझेदार नेकपा माओवादी केन्द्रले आफै दोधारे अवस्थामा छ। एकातर्फ सरकारको विरोध गरिरहेको छ भने अर्को तर्फ सरकारलाई दिएको समर्थन फिर्ता लिन असहज भएको छ। अर्को तर्फ नेपाली कांग्रेस आफनो नेतृत्वमा सरकार बनाउन चाहे पनि उसले नेकपा माओवादी केन्द्रलाई विश्वास गर्न सकेको छैन भने अर्को महत्वपूर्ण घटक जसपाले काँग्रेसलाई विश्वा गरेको छैन। तर जसपाको दुई समूह एक ढिक्का बन्छन् कि एउटा समूह ओलीका पक्षमा जान्छ भन्ने पनि स्पष्ट भइसकेको छैन।

आगामी सरकारको नेतृत्वका विषयमा स्पष्ट सहमती नभएकाले ओलिविरुद्ध अविश्वासको प्रस्ताव राख्ने विषयमा विपक्षी दलहरूको नेतृत्वको खिचातानीमै बित्न थालेको छ। ओलीलाई सत्ताच्युत गर्ने विषयमा कांग्रेसको निर्णय कतै 'साप चाहिँ नमर्ने लट्ठी भने भाँचिने' जस्तो भएको छ।

कम्युनिस्ट विग्रहबाट हौसिएका कांग्रेस सभापति शेरबहादुर देउवा नेपाली कांग्रेसलाई 'पुरानो अवस्थामा फर्काउने' प्रतिबद्धता प्रकट गरेर आफ्नो

कांग्रेसको यस अकर्मण्यताका कारण शंका बढ्नु स्वाभाविकै थियो। प्रमुख विपक्षी दलले संवैधानिक, कानुनी र नैतिक हैसियतसमेत गुमाएका प्रधानमन्त्री ओलीको विकल्प दिन नसकेको हो वा दिन नचाहेको हो भन्ने प्रश्न गम्भीर बनेको छ।

कुर्सी जोगाइराख्ने रणनीतिमा लागेका देखिन्छन। सकेसम्म अधिवेशनको मिति तन्काएर भए पनि आफ्नै नेतृत्वमा चुनावमा जाने देउवाको चाहना देखिन्छ। तर, रबर पनि धेरै तन्काउन खोज्यो भने चुँडिन्छ भन्ने हेक्का सभापति देउवालाई समेत हुनुपर्ने हो।

ओलीलाई हटाएर नयाँ सरकार गठनको प्रक्रियामा अगाडि बढ्दा कांग्रेसले दीर्घकालीन फाइदा हेरेर रणनीति तय गर्न जरुरी हुन्छ। विभिन्न चरणमा विश्वसनीयता गुमाइसकेका दलहरुको साथ लिएर सरकारको नेतृत्व गर्नु कांग्रेसको लागि निकै चुनौतीपूर्ण हुने देखिन्छ।

त्यसैले संवैधानिक सर्वोच्चता कायम गर्न ओलीलाई हटाएर सरकारमा कांग्रेसको नेतृत्व निःसर्त स्वीकार हुने अवस्था नभएर सही गलत सम्झौता गर्न पर्ने हो भने आगामी चुनावमा कांग्रेसले फेरि नोक्सानी बेहोर्नु पर्नेछ।

मूलधारको राजनीतिमा लोकतन्त्रको पक्षधर प्रमुख शक्तिका रूपमा नेपाली कांग्रेसको दृष्टिकोण र राजनीतिक निर्णयको नेपालको राजनीतिमा प्रमुख भूमिका हुनु स्वाभाविकै हो। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शक्ति केन्द्रको यही विश्वासका कारण नेपालमा राजनीतिक संकटमा पर्दा कांग्रेसले नेतृत्व लिने र संकटमोचन गर्ने गरेको साक्षी इतिहास छ।

प्रधानमन्त्री केपी ओलीले गरेको संसद् विघटनको विरोध नेपाली कांग्रेसले वडास्तरसम्म कार्यक्रम गरेर त गरेको थियो तर लोकतन्त्रवादीले गरेको सशक्त प्रतिपक्षको भूमिकाको अपेक्षा भने पूरा गर्न सकेन। उल्टै काग्रेस नेतृत्वको ढलमुलका कारण प्रधानमन्त्री ओलीको असवैधानिक र अलोकतान्त्रिक कदमलाई पो सहयोग पुगेको देखियो। काग्रेस भने यस विषयमा पार्टीमा स्पष्ट एकीकृत बनाउन अक्षम भयो। बरु, काग्रेस नै पुष्पकमल दाहाल पक्षधर र ओली पक्षधरमा विभक्तजस्तो देखियो। नेपाली जनताले कांग्रेसबाट यस्तो भूमिका खोजेको होइन। यो नेपालको लोकतान्त्रिक राजनीतिका हकमा पनि राम्रो सन्देश थिएन।

कम्युनिस्टहरूबीच पदको लडाइँ अहिले पनि जारी छ भने जसपासमेत यही खेलमा मच्चिएको देखियो। तर, कांग्रेसले स्पष्ट रणनीतिसमेत बनाउन सकेको देखिएन। कांग्रेसको यस अकर्मण्यताका कारण शंका बढ्नु स्वाभाविकै थियो। प्रमुख विपक्षी दलले संवैधानिक, कानुनी र नैतिक हैसियतसमेत गुमाएका प्रधानमन्त्री ओलीको विकल्प दिन नसकेको हो वा दिन नचाहेको हो भन्ने प्रश्न गम्भीर बनेको छ।

जेहोस्, नेपालको राजनीतिक तरलता र अस्थिरतालाई सम्बोधन गर्न भने अग्रसर हुनुपर्ने कांग्रेसले नै हो। आफ्नो राजनीतिक परम्परा जोगाउन र राष्ट्रिय राजनीतिक समस्या समाधानका लागि पनि अहिले काग्रेसको नेतृत्व हुनु जरुरी छ। कांग्रेसबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लोकतान्त्रिक शक्तिले यही अपेक्षा गरेका छन्। तिनले काग्रेसको यस्तै केन्द्रीय भूमिकाको प्रतीक्षा गरेका छन्।

अस्थिर राजनीतिक अवस्थाको गन्तव्य के ?

विचार-विश्लेषण भाग-८७

उपेन्द्र झा

देश र जनताप्रति वफादार रहने शपथ लिएर जब जनप्रतिनिधिहरु निजी स्वार्थ परिपूर्तिमा केन्द्रित हुन्छन् अनि पार्टीपंक्तिमा मात्र होइन, आम जनतामा पनि राजनीतिक अराजकता बढ्न थाल्दछ। जतिसुकै शक्तिशाली सरकार पनि शासन चलाउन असक्षम साबित हुन्छन्। अहिले त्यही अवस्था विद्यमान छ।

देश र जनताप्रतिको जवाफदेहिता, देश विकासको जिम्मेवारी, नियम कानून, जनप्रतिनिधिको अधिकार र कर्तव्य आदि सबै कुरा तब भष्मीभूत हुन्छन् जब मानिस राजनीतिमा धनार्जन गरेर चीरकालसम्म आफूलाई राजनीतिमा बनाइ राख्न निकृष्ट प्रपञ्च रच्छ। त्यो बेला मानिसमा मानवीय गुण केही शेष रहँदैन र उ आफूलाई जतिसुकै ठूलो राजनीतिक खेलाडी सम्झेपनि जनताको विश्वास गुमाएको निरीह प्राणी मात्र हुन्छन्।

देशले पाएको शक्तिशाली सरकार देश र जनताको आर्थिक उन्नतिमा प्रयोग नभई शक्ति संघर्षमा लागेर आफ्नो जिम्मेवारीबाट पन्छिएको छ। नेकपाभित्र जन्मिएको शक्ति संघर्ष उत्कर्षमा पुग्दा दुई चिरा नेकपा माओवादी केन्द्र र नेकपा उमालेमा विभक्त भएको छ। प्रतिशोधको चरम अवस्था दुवै पार्टीभित्र परिलक्षित भइरहेको छ। नेकपा माओवादी केन्द्र र एमाले पार्टीमा विभक्त भएपछि एमालेका नेताहरु तथा माओवादीका नेताहरु दुवैतिर परेर कारबाहीमा परेका छन्। प्रतिशोधको यो ताण्डव चर्को रुपमा अगाडि बढेपनि माओवादी केन्द्रले ओली सरकारलाई दिएको समर्थन फिर्ता लिएको छैन। विरोध र समर्थन समान रुपले अगाडि बढाएको माओवादी के गर्ने भन्ने बारेमा प्रष्ट छैन। ओली सरकारको कडा प्रतिवादमा उत्रेको माओवादी केन्द्र समर्थन फिर्ता नलिनुका पछाडि विभिन्न कारण हुन सक्दछ।

(क) विगतमा आफ्नो स्वतन्त्र अस्तित्व बचाउन कही न देखिँदा एमालेसँग मिसिएर अस्तित्व बचाएको यथार्थलाई छोड्न नसक्ने बाध्यता।

(ख) माओवादीलाई एक्ल्याएर राज्यसत्ताद्वारा माओवादीमाथि प्रहार हुने डर।

यी प्रमुख कारणले माओवादीले स्पष्ट धारणा बनाउन सकेको देखिन्न।

सदियौंदेखि आन्तरिक औपनिवेशिक उत्पीडनमा परेको मधेशले विद्रोहमार्फत् सशक्त नेतृत्वपंक्तिलाई जन्म दियो। दरिद्र मानसिकताका नेतृत्वपंक्तिका अगुवाहरु मधेशको मुद्दालाई निजी स्वार्थका लागि प्रयोग गर्दै जाँदा मधेशको मुद्दा गतिहीन त भयो नै जनविश्वास गुमाएर आफ्नो छवि पनि बिगाऱ्यो।

निजी स्वार्थमा केन्द्रित भएर राष्ट्रिय राजनीतिक दलहरुको सेवा गर्दै जसरी बदनाम भयो, प्रदेशमा पनि यसको प्रभाव गहिरो रुपमा देखिएको छ। मधेशका लागि राजनीति गर्ने पार्टीहरुका अगुवाहरुमा मुद्दाप्रतिको अडान स्पष्ट दृष्टिकोण, इमानदारिता, नैतिकता र कुशल नेतृत्वको भन्दा अवसरका लागि जेपनि गरिहाल्ने प्रवृत्ति, चाटुकारिता आदि दुष्प्रवृत्तिको विकास बढी भएकोले मधेशमा असन्तुष्टता, अविश्वासको माहौल व्याप्त छ।

ओलीकै कारण राजपा र समाजवादी पार्टीको रातारात एकीकरणको लगनगाँठो कस्सिएको थियो। मुद्दाभन्दा व्यक्तिगत स्वार्थको टकरावका कारण वर्षौंदेखि मिल्न नसकेको दुवै पार्टी फुट्ने डरले एकीकृत भएर जनता समाजवादी पार्टीको रुपमा तेस्रो वैकल्पिक शक्ति बनेको थियो। माथिदेखि तलसम्म समितिहरुको समायोजन प्रक्रिया पूरा नहुँदै अहिले पुनश्चः ओलीकै कारण जसपा विभाजनको अन्तिम चरणमा पुगेको छ।

नेकपा विभाजनपछि जसपाको महन्थ ठाकुर र राजेन्द्र महतो समूहलाई आफ्नो समर्थनमा ल्याउन पूर्वराजपाले सारेको पाँच मागमध्येमा रेशम चौधरीको रिहाइ तथा मुद्दा लागेका राजबन्दीहरुको मुद्दा फिर्ता लिई रिहाई गर्नुपर्ने मागलाई ओली सरकारले स्वीकार गरी तत्काल कारबाही अगाडि बढाएबाट महन्थ ठाकुर र राजेन्द्र महतो ओलीको समर्थनमा उभिएका छन् भने ओली सरकार प्रतिगामी भएकोले वैकल्पिक सरकार बनाउन ओलीको विरुद्धमा उपेन्द्र यादव र डा.बाबुराम भट्टराई उत्रेका छन्। जतिसुकै माग पूरा हुँदा अवसरको भरपूर लाभ लिनु कुनै मुर्खता होइन।

ओली नेकपा एमालेको अध्यक्षको हैसियतले पार्टीलाई शक्तिशाली तथा बाँकी कार्यकालसम्म आफ्नो सरकारलाई टिकाउन सत्ताको भरपूर उपयोग गरेका छन्। नेकपा विभाजनपछि प्रचण्ड-नेपाल समूह बहुमतमा देखिए पनि विस्तारै अल्पमतमा पर्दै गएबाट वैकल्पिक सरकार गठनको प्रयास तुहिएको छ। नेपाली कांग्रेस आफ्नो नेतृत्वमा वैकल्पिक सरकार बनाउन आन्तरिक दबाब झेलिरहे पनि चुनावमा जाने शेरबहादुर देउवाको ठम्याई छ। शेरबहादुर देउवा, ओलीनजिक रहेर भरपूर फाइदा उठाउने रणनीति बनाएको छ।

यसरी प्रचण्ड-नेपाल समूह, जसपा र नेपाली कांग्रेसको समीकरण बन्न सजिलो होइन, कठिन छ। ओली आफ्नो वर्चस्व बनाई राख्न सफल देखिएको छ। जसपाको एउटा ठूलो खेमा ओलीको समर्थनमा आएपछि ओलीलाई चुनौती दिन विपक्षीलाई सजिलो छैन। कोही मुद्दाको डरले, कोही अवसर पाउने इच्छाले, कोही अपराधिक कारबाहीबाट बच्न ओलीको समर्थनमा आउँदा ओली विस्तारै मजबुत भएका छन्।

गैरमधेशी पार्टीमा हानी-लाभको आधारमा विभाजन र एकीकरण हुनछ। उग्र विचारको माओवादी भाषणमा ठाढो विरोध गरेपनि समर्थन फिर्ता नलिएर सरकारसँग सहानुभूति सम्बन्ध बनाइराखेको छ। तर मधेशी पार्टीमा पानी बाराबारको स्थिति विद्यमान रहेका कारण यतिका दिनमा कसैको कसैसँग मन मिलेको छैन। गैरमधेशी पार्टी फुटेर पनि मिल्ने

जसपाको एउटा ठूलो खेमा ओलीको समर्थनमा आएपछि ओलीलाई चुनौती दिन विपक्षीलाई सजिलो छैन। कोही मुद्दाको डरले, कोही अवसर पाउने इच्छाले, कोही अपराधिक कारबाहीबाट बच्न ओलीको समर्थनमा आउँदा ओली विस्तारै मजबुत भएका छन्।

सम्भावना बढी छ। मधेशी पार्टी फुट्यो भने पुनः तत्कालै मिल्ने सम्भावना कम छ।

देश र जनताप्रतिको जवाफदेहिताबाट पन्छिएर राजनीतिलाई व्यक्तिगत स्वार्थमा उपयोग गरेर हिंडेपछि यस्तै शक्ति संघर्षले देशमा अराजकता फैलाउँछ र देश र जनताको कार्य ठप्प हुन्छ। यस्तै तरलीकृत राजनीतिमा शक्तिकेन्द्रले खेल्ने ठाउँ पाउँछ। सत्ता समीकरणको दाउपेंचमा संलग्न पक्ष विपक्ष एक दिन राजनीतिक वृतबाट अलग फ्याँकिने घटनाहरु पनि प्रशस्त छन्। कोही देश र जनताको बारेमा सोच। देशलाई संकटबाट बाहिर निकाल्ने साहस देखाउ।

अहिलेकै...

बनाउने काममा जसपा अनिवार्य भएकोले तिनीहरुले त्यस्ता प्रतिबद्धताहरु दोहोऱ्याइरहेका छन्। तर व्यवहारतः हामीले हेर्दा प्रधानमन्त्री ओली हाम्रा मागहरु सम्बोधनका लागि प्रक्रिया सुरु गरिसक्नुभएको छ। कांग्रेस र माओवादीले मुलुकलाई अस्थिरतातर्फ लानका लागि यो सरकारको विकल्प खोजिरहेका छन्।

० तर जसपाका अर्का पक्ष पूर्वसमाजवादी पार्टीका नेताहरुले जसरी पनि केपी ओलीलाई हटाउनै पर्ने अभियान चलाउनुभएको छ नि ?

– विगतका कुराहरु हेर्नुभयो भने विभिन्न तिक्ततापूर्ण अनुभवहरु रहेका छन्। लामो समयदेखि हामीले अधिकारका लागि संघर्ष गरिरहँदा पनि कुनै पनि सरकारले हाम्रा मागहरु सम्बोधन गरेन। त्यसको रिस र आवेग अझै छ। मधेशका मुद्दाहरु सम्बोधन होस् भन्ने चाहना पूर्वसमाजवादी पार्टीका नेताहरुको पनि छ। यदि यो सरकारले सम्बोधन गर्छ भने उहाँहरुको पनि अभिव्यक्ति परिवर्तन हुन्छ। माग सम्बोधन नहोस् भन्ने उहाँहरुले पनि चाहनुभएको छ। पूर्वराजपाका नेताहरु र पूर्वसमाजवादी पार्टीका नेताहरु सबैले मधेशको समस्या समाधान चाहेकाले जसपाभित्र दुईमत छैन।

० प्रधानमन्त्री ओलीको विगत हेर्ने हो भने उहाँ त मधेश विरोधी भनेर तपाईंहरुले भन्नुभएको थियो नि ?

– विगतलाई हेरेर अहिले पनि त्यही खालको हो भन्ने बुझ्नु हुँदैन। निश्चितरुपमा विगतमा प्रधानमन्त्री ओलीबाट मधेशप्रति गरिएको टिप्पणीले भावनामाथि ठेस पुऱ्याएको हुनसक्छ तर उहाँले कहिल्यै पनि मधेशको माग सम्बोधन हुँदैन वा गर्दैनौं भन्नुभएको छैन। उहाँले पहिला मधेशलाई बुझ्नुभएको थिएन होला। उहाँको सल्लाहकार टिममा एउटा पनि मधेशबाट छैन। मधेशको बारेमा उहाँलाई राम्ररी जानकारी नदिइएको हुन सक्छ। उहाँ मधेश विरोधी हो भने मधेशमा उहाँको मत हेर्नुस्, कांग्रेस र माओवादीभन्दा बढी छ। ओली नेतृत्वको सरकारले मधेशलाई उपेक्षा गरेको छैन। विभिन्न दीर्घकालीन योजनाहरु पनि मधेशमा ल्याउनुभएको छ। त्यसका कार्यान्वयन पक्ष फितलो होला त्यसमा उहाँको कमजोरी होइन। प्रधानमन्त्री ओलीलाई मधेशको बारेमा उचित जानकारी नदिइएको हुनसक्छ। तर अहिले उहाँले मधेशलाई राम्ररी अध्ययन गर्न थाल्नुभएको छ। मधेशको आवश्यकतालाई बुझ्ने प्रयास गर्नुभएको छ भन्ने अनुभूति हामीलाई थालेको छ। यदि प्रधानमन्त्रीको सल्लाहकार टिममा मधेशलाई बुझ्ने कोही सदस्य भइदिएको भए यस्तो अवस्था आउने थिएन। अहिलेको अवस्थामा उहाँ मधेशका सबै मुद्दाहरुको बारेमा जानकारी भइसकेको छ। उहाँले मधेशको माग र मुद्दा सम्बोधन गर्नेतिर अग्रसर हुनुभएको छ।

विकृतिजन्य गतिविधिको अन्त्य जरूरीः मुख्यमन्त्री राउत

जनकपुरधाम। प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले संस्कृति, सभ्यताको रक्षा र सामाजिक रूपान्तरणको अभियानलाई गतिशील बनाउनुपर्ने खाँचो औल्याएका छन्। लोकपर्व जुडशीतलका अवसरमा जनकपुरधाम उपमहानगरपालिका वार्ड नं १७ मा सरस्वती क्रिकेट टीम र कनकपट्टी युवा क्लबद्वारा तेतरियामा आयोजित जुडशीतल उत्सव र क्रिकेट प्रतियागिताको शुभारम्भ गर्दै मुख्यमन्त्री राउतले ज्येष्ठ नागरिकको सम्मान गर्दै विकृतिजन्य गतिविधिको अन्त्य गर्नेतर्फ सबैको अग्रसरता आवश्यक रहेको बताए।

अन्योल र अराजक स्थितिलाई परास्त गर्नु आजको आवश्यकता भएको चर्चा गर्दै उनले उत्साह, उमङ्ग, प्रगतिका बाधकहरूलाई निरूत्साहित गरी जीवनलाई सार्थक बनाउन क्रियाशील हुनु पर्ने धारणा राखे। नीति, योजना आयोगका उपाध्यक्ष प्राध्यापक डा भोगेन्द्र झाले नकारात्मक र असुर प्रवृतिलाई परास्त गर्दै प्राकृतिक सम्पदाको रक्षा गर्नु जरूरी रहेको उल्लेख गरे। मुख्यन्यायाधिवक्ता दीपेन्द्र झाले सामाजिक, आर्थिक रूपान्तरण, प्रादेशिक अधिकारको कार्यान्वयनका बाधक तत्वलाई हटाउने कार्यमा ऐक्यबद्धतामा जोड दिए।

प्रदेशसभा सदस्य रामआशीष यादवले माटो र पानीबिना मानवको परिकल्पना गर्न नसकिने भएकाले प्रकृतिसँग सम्बन्धित पर्वलाई जीवन्त राख्नु अपरिहार्य भइसकेको धारणा राखे। सो अवसरमा मुख्यमन्त्री राउतले ज्येष्ठ नागरिक डा सोनफी यादव, जयशंकर महतो, जगदेव यादव, रामविलास साह, असर्फी साह, विन्देश्वर यादव, गङ्गा मण्डल, मुस्लिम राइन, सोनफी साह, विष्णु यादव र योगेन्द्र साहलाई सम्मान गरेका थिए। वडाध्यक्ष परमेश्वर यादवको सभापतित्वमा भएको सो समारोहमा मुख्यमन्त्री राउतलगायत ज्येष्ठ नागरिकद्वारा सहभागीहरूलाई माटो टीका लगाई शीरमा जल अर्पण गरी आशीर्वाद दिएका थिए।

महन्थ ठाकुरको ट्रयाक सही छ

जसपाले आफ्नो मुद्दाका लागि राजनीति गर्ने कि ओलीलाई ढाल्ने वा अरुलाई प्रधानमन्त्री बनाइदिने ? स्वाभाविक छ, कुनै पनि राजनीतिक दल जुन भोटबैंकको प्रतिनिधित्व गर्छ, त्यसको स्वार्थका लागि उसले राजनीति गर्नुपर्ने हुन्छ। जसपा मधेशको भोटबैंकमा आधारित पार्टी हो, त्यसैले मधेशसँग जोडिएका मुद्दाहरु अहिले उसको प्राथमिकतामा छ र हुनुपर्छ। उसले त्यही आधारमा आफ्नो राजनीतिलाई अगाडि बढाउने हो, यही नै उसको कर्तव्य र दायित्व पनि हो। जसपा अध्यक्ष महन्थ ठाकुरजी अहिले सही ट्रयाकमा हुनुहुन्छ।

देवेश झा

राजनीतिक विश्लेषक तथा मधेश सम्वाद समूह

० मुलुकमा गहिरिँदै गएको राजनीतिक संकटलाई कसरी हेर्नुभएको छ ?

– अहिले देखिएको राजनीतिक संकट कृत्रिम हो। प्रधानमन्त्री बन्न अथवा सत्तामा पुग्नका लागि कृत्रिम संकट उत्पन्न गरिएको वा भनौं देखाइएको छ। होइन भने, अहिलेसम्म बहुमतको सरकार छँदैछ, संसद छँदैछ, संविधान कार्यान्वयन भइ नै रहेको छ, राज्यका सबै निकाय आफ्ना ठाउँमा क्रियाशील छन् भने यो कुन प्रकारको संक्रमण हो, बुझ्न सकिएन।

० यस्तो कृत्रिम संकटमा देशी-विदेशी शक्तिको हात छ त ?

– जे कुरामा पनि विदेशीमाथि प्रश्नचिन्ह खडा गर्ने यहाँ एउटा परिपाटीजस्तै छ। जबसम्म राष्ट्रभित्रकै शक्ति सक्रिय हुँदैन, तबसम्म कुनै पनि बाह्य शक्तिले खेल्न सक्ने अवस्था हुँदैन। आजको ग्लोबल भिलेज भइसकेको दुनियाँमा हरेक देशभित्र अर्को देशको कुनै न कुनै प्रकारको स्वार्थ रहेकै हुन्छ। तर पनि त्यसको मूल कारण आफ्नै राष्ट्रभित्रका केही तत्वहरु हुन्छन्।

० कृत्रिम राजनीतिक संकटको सिर्जनाकार प्रधानमन्त्री ओली कि माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड ?

– वि.सं. २०६३ पछि सहकार्य र समझदारी भन्ने एउटा आदर्श शब्दहरु नेपालको राजनीतिमा प्रवेश गराइयो। यो बहुत सौहार्दपूर्ण शब्दहरु हो। तर नेपाली राजनीतिमा यी शब्दहरुको अन्तिम परिणति भागवण्डामा गएर टुंगिएको देखिन्छ। हामीले अहिले जति समस्याहरु हेरिरहेका छौं, जुनसुकै पार्टीमा समस्या छन्, ती भागवण्डा नमिलेरै हो। कुनै सैद्धान्तिक समस्या कसैमा कहीँ पनि छैन। आज नेकपा बनिसकेर फेरि पूरानै अवस्थामा फर्कदा पनि कुनै सैद्धान्तिक विवाद थिएन। मात्र व्यक्तिलाई लक्षित गरेर प्रश्नहरु खडा गरिएको छ। ओली र प्रचण्डको सार्वजनिक वक्तव्यलाई हेर्ने हो भने एक-अर्कामाथि व्यक्तिगत आक्षेपबाहेक सैद्धान्तिक विचार आउने गरेको देखिँदैन। त्यसैले यो कृत्रिम हो।

० अहिलेको राजनीतिक संकटको निकास जनता समाजवादी पार्टी नेपालसँग छ भन्ने कुराहरु सुनिन्छ नि ?

– पहिलो कुरो त जसपासँग सत्ताको साँचो छ भन्ने कुरासँग म सहमत छैन। किनभने प्रधानमन्त्रीको कुर्सी नै खाली छैन। जुन पद रिक्त भएको छैन, त्यसको पूर्तिका लागि अहिलेदेखि नै बहस चलिरहेको छ। यो अधुरो र अपुरो हो, यसले परिणाम दिँदैन। बरु सत्ताको साँचो माओवादी केन्द्रसँग छ। माओवादीले समर्थन फिर्ता लियो भने तुरुन्त पद खाली हुन्छ र त्यसपछि संविधानका अन्य धाराहरु सक्रिय हुन्छ। अहिले त ७६ (२) को सरकार कायम छ, त्यसलाई समर्थन प्राप्त छ, त्यसले कार्यान्वयन गरिरहेको छ, संसद पनि चलिरहेकै छ। प्रचण्डले मञ्चमा उभिएर जेजति कुराहरु भनेपनि औपचारिकरुपमा उहाँले संसद सचिवालयलाई समर्थन फिर्ता लिएको कुनै जानकारी गराउनुभएकै छैन। त्यसैले यो सरकार गठन हुँदाको परिस्थिति यावतरुपमा कायम छ।

० जसपालाई 'किङ्गमेकर' भनेर किन प्रचार गरिएको होला त ?

– सञ्चारमाध्यमहरुले जनतामा आफ्नो प्रचारका लागि यस्ता शब्दावलीको प्रयोग गर्छन। जसपाका अध्यक्ष महन्थ ठाकुरले पनि भन्नुभएको थियो कि मिडियाले उहाँलाई प्रधानमन्त्री नै बनाइदियो। प्रधानमन्त्रीको पद रिक्त नभएसम्म पदपूर्तिको कुनै सम्भावना हुँदैन। संविधानको धारा ७६ को १, २, ३ र ५ ले प्रधानमन्त्रीमा नियुक्त गर्ने प्रक्रियाको रहेको छ। यी चारवटै धारामा जसपाको कुनै सम्भावना छैन।

० प्रचण्डले वैकल्पिक सरकार बनाउनका लागि गठबन्धन बन्नेबित्तिकै ओली सरकारबाट समर्थन फिर्ता लिने भन्नुभएको छ, यसलाई कसरी हेर्ने ?

– यसलाई हामी राजनीतिक बेइमानी भन्छौं। किनभने नेपालको संविधानबमोजिम जेठ १५ गते नेपाल सरकारले बजेट प्रस्तुत गर्नैपर्छ। अर्थात् त्योभन्दा पहिले नीति तथा कार्यक्रम पारित भएको हुनुपर्छ। यो हिउँदे अधिवेशन अहिलेसम्म जारी छ, यो अधिवेशन अन्त्य हुनुपर्छ। त्यसपछि बजेट अधिवेशनका लागि आह्वान गर्नुपर्ने हुन्छ र बजेट आउनुभन्दा पहिले सरकारको नीति तथा कार्यक्रम प्रस्तुत भएर पारित भएको हुनुपर्छ। त्यतिबेलासम्म माओवादीले कि त समर्थन गर्नुपर्छ वा विरोधमा जानुपर्छ। यदि माओवादीले नीति तथा कार्यक्रमलाई समर्थन गऱ्यो भने त्यसपछि पनि बोल्ने कुनै नैतिक आधार रहन्छ त ? त्यसैले यसलाई हामीले राजनीतिक बेइमानी भनिरहेका छौं। संसदीय राजनीतिमा संसदभित्रको गणितीय संख्याले सरकार निर्माणको प्रक्रियालाई सुनिश्चित गर्छ। यसलाई किन्तु परन्तु लगाएर रोक्ने प्रक्रिया राजनीतिक सम्मत वा राष्ट्रहितको कुरा भन्न मिल्दैन। हलो अड्काएर गोरु चुट्ने जुन उखान छ, यहाँ ठ्याक्कै मेल खान्छ। प्रचण्डले अहिले समर्थन फिर्ता नलिएर जसपालाई लक्षित गरेर टिप्पणीहरु आइरहेका छन्, आश्चर्यको कुरो हो। हिजोसम्म मधेशी नेताहरुलाई पदलोलुपको संज्ञा दिने मिडियाहरुले अहिले सत्तामा नगइदिएको कारणले हलो अड्काएको टिप्पणी गरिरहेका छन्। जसपाले आफ्नो मुद्दाका लागि राजनीति गर्ने कि ओलीलाई ढाल्ने वा अरुलाई प्रधानमन्त्री बनाइदिने ? स्वाभाविक छ, कुनै पनि राजनीतिक दल जुन भोटबैंकको प्रतिनिधित्व गर्छ, त्यसको स्वार्थका लागि उसले राजनीति गर्नुपर्ने हुन्छ। जसपा मधेशको भोटबैंकमा आधारित पार्टी हो, त्यसैले मधेशसँग जोडिएका मुद्दाहरु अहिले उसको प्राथमिकतामा छ र हुनुपर्छ। उसले त्यही आधारमा आफ्नो राजनीतिलाई अगाडि बढाउने हो, यही नै उसको कर्तव्य र दायित्व पनि हो। जसपा अध्यक्ष महन्थ ठाकुरजी अहिले सही ट्रयाकमा हुनुहुन्छ।

० त्यसो भए जसपाभित्र दुई किसिमको विचारधारा किन देखिएका छन् ?

– विशेष परिस्थितिवश राजपा र समाजवादी पार्टी एकीकृत भएर जसपा निर्माण भएको हो। राजनीतिक दलसम्बन्धी अध्यादेशका कारण बाध्यतावश पार्टी एकीकरण भएको थियो। हुन त मधेशी जनता अथवा मधेशी समाजको एउटा आमइच्छा थियो कि मधेशी नेताहरु एक ठाउँमा आएर एउटा शक्ति बन्नुपऱ्यो। त्यो कुरा त सम्बोधन भयो। तर मूलतः राजपा र समाजवादी विपरीत विचारधाराबाट अगाडि बढेको सैद्धान्तिकरुपमा फरक मत राख्ने पार्टीहरु थिए। समाजवादी पार्टीले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखलाई आफ्नो एजेन्डा मानेर अगाडि बढेको थियो भने वेस्ट मिनिस्ट्रियल सिस्टमको संसदीय प्रजातन्त्र अथवा जुन अहिले चलिरहेको छ संसदीय प्रणाली, त्यसको पक्षमा अथवा त्यसलाई आफ्नो आदर्श मानेर राजनीतिक विचारधारा मानेको पार्टी थियो राजपा। यी दुवै बिल्कूल फरक विचारधारा भयो। लक्ष्य एउटै भएपनि मार्गचित्र फरक-फरक छ। यी दुई फरक विचारधाराको वर्चस्व कायम गर्ने राजनीतिक ध्रुवीकरण हो। अर्को कुरा, डा.बाबुरामजी त माओवादीकै निस्केका नेता हुन्। कतै-कतै उहाँको चित्त नबुझेर बाहिर निस्किनुभएको छ। बारम्बार वैचारिक एकता कुरा हामी सुनिरहेकै छौं। उपेन्द्र यादवजी दुईबुँदे सहमतिसहित यही प्रधानमन्त्री ओलीको सरकारमा सामेल भएको कुरा ताजै छ। त्यतिबेला ओली पवित्र हुनुहुन्थ्यो, अहिले अपवित्र हुनुभो भन्न मिल्दैन। बरु त्यतिबेला उहाँ मधेशप्रति अहिलेको जति पनि सकारात्मक हुनुभएको थिएन, जति अहिले हुनुहुन्छ। एउटा तिक्ततापूर्ण वातावरणमा उपेन्द्रजीको बहिर्गमन भएको थियो। त्यसले पनि कुनै न कुनै प्रकारको भूमिका खेलेको हुनुपर्छ। पार्टीभित्र भविष्यमा वर्चस्व कायम गर्नका लागि ध्रुवीकरण गर्ने चलन हरेक पार्टीमा हुन्छ। जसपाभित्र भएको ध्रुवीकरण वैचारिक भिन्नता र ओलीसँगको विगतका अनुभवहरुले पनि काम गरेको छ।

० वैचारिक र सैद्धान्तिक भिन्नता रहेकोले अहिलेको प्रकरणले जसपा फेरि विभाजित त हुने होइन ?

– त्यस्तो सम्भावना छैन। किनभने एक त कानूनीरुपमा ठूलो अड्चन छ। अर्को कुरा विगतमा पार्टी विभाजन गरेर जाँदाको परिणाम प्रायः सबै नेताले थाहा पाइसकेकोले पार्टी विभाजन गर्ने पक्षमा कोही छैन होला।

० तर विचार र सिद्धान्त फरक-फरक रहेकोले कसरी एक ठाउँमा लामोसम्म बस्न सक्छन् ?

– हामी संसदीय राजनीतिमा छौं। संसदीय राजनीतिमा कसैले आफ्नो कुरा राख्ने छुट हुन्छ। अन्ततः संसदीय दलको बैठक गरी कसरी अगाडि बढ्ने निर्णय सबैका लागि मान्य हुन्छ। विचारधाराको रुपमा यो एउटा ध्रुवीकरण होला तर त्यतिबेला उपेन्द्र यादवको विचार स्वीकार्य भए वा नभए पनि उहाँ पार्टी फोड्नु हुने छैन। बरु मौन बस्नु होला र आफ्नै दृष्टिकोण लिएर अर्को पक्ष ओलीसँग जाँदा पनि मधेशको लागि हितकारी नभएको प्रमाणित गर्नेतिर आफ्ना कदमहरु चाल्नुहुनेछ। यसरी पनि उहाँले दलमा आफ्नो वर्चस्व बनाउने अवस्था सिर्जना गर्ने प्रयास गर्न सक्नु हुनेछ। जसपा मात्रै होइन, कुनै पनि पार्टी फुट्ने सम्भावना छैन।

० प्रधानमन्त्री केपी शर्मा ओली जतिबेला दुई तिहाइ बहुमतको सरकार चलाइरहनुभएको थियो त्यतिबेला मधेशका मागहरु सम्बोधन गर्नेतिर इच्छा देखाउनुभएन। अहिले सत्ता संकटमा परेपछि उहाँमा सुझबुझ आएको हो ?

– त्यो पनि एउटा कारण हुन सक्छ। राजनीतिमा धेरै कुरा परिस्थितिले निर्माण गर्छ, राजनीति सम्भावनाको खेल हो। आफू बलियो भएसम्म कसैसँग सम्झौता गर्दैन। हामीसँग यसबारे विगतको लामो अनुभव छ। विश्वकै राजनीतिमा यो चरित्र सामान्य हो। आफ्नो शक्ति सम्झौता नपुगेपछि सबैले सम्झौता गर्छन्। ओलीजीले पनि कम्प्रोमाइज गरिरहेका छन् र सँगसँगै उहाँको यो एउटा रणनीतिक प्रयास पनि हो। उहाँले मधेशमा मात्रै राजनीतिकरुपमा आफ्ना बहिष्कार देख्नुभएको थियो। तर अहिले उहाँले त्यसलाई सदुपयोग गरेर कता-कता मधेशमा आफ्नो लागि बाटो खुला गर्ने, सहज बनाउने प्रयासलाई अगाडि बढाउनुभएको छ। उहाँले मधेशी युवाहरुलाई पनि अवसर दिइरहनुभएको छ। त्यसले गर्दा उहाँ मधेशमा प्रवेश गरेर मधेशको भोट बैंकलाई सहज तरिकाले आफ्नोतिर तान्ने प्रयास गरिरहनुभएको छ। किनभने ढिलो-चाँडो चुनावमै जाने हो र चुनावको पूर्वतयारीका लागि हरेक राजनीतिक नेताले आफ्नो भोट बैंक बनाउँछ। ओलीजी पनि त्यतातिरै प्रयासरत रहेको देखिन्छ।

० एमाले मधेशमा कमजोर अवस्था छ त ?

– एमाले मधेशमा कमजोर छैन, ओलीजीलाई बहिष्कार गरेको मात्रै हो। विगतमा ओलीजीको कटुक्तिहरुका कारणले अथवा उहाँको उखान-टुक्काका कारणले मधेशी जनताको चित्त दुःखेको हो। जसले गर्दा मधेशमा उहाँप्रति नकारात्मकता थियो। त्यसलाई उहाँले कतै-कतै न्यून गर्ने कोशिस गरिरहनुभएको छ। एमालेलाई कमजोर देख्नु त त्यति परिपक्क कुरा नहोला।

० भनेपछि मधेशमा पनि ओलीप्रति आकर्षण बढ्दैछ ?

– यसका विभिन्न कारणहरु छन्। जतिबेला अन्तरिम संविधान जलाउँदा मधेशी जनअधिकार फोरमका नेताहरुलाई काठमाडौंमा हिरासतमा लिइएको थियो, त्यतिबेला फोरमको जनकपुर कमिटीले निर्णय गरेर आन्दोलनको सुरुवात गरेको थियो। माघ २ गते जुन आन्दोलन भएको थियो त्यो जनकपुर कमिटीले सुरु गरेको थियो र त्यहींबाट आन्दोलन सुरु भएको थियो। जसमा माघ ५ रमेश महतोको हत्या भएपछि त्यो आन्दोलन भयावह रुप लियो। ती युवाहरु जसले निःस्वार्थ भावले मधेशको हकहितका लागि काम गरेका थिए। त्यसलाई मधेशी नेताहरुले उचित अवसर दिएन, यो एउटा दुःखद पक्ष हो। त्यहीकारणले मधेशी नेताहरु नातावाद, कृपावाद, आसेपासेलाई देखेको, आफ्ना परिवारका सदस्यहरुलाई अवसर दिएको आरोपहरु लाग्दै आएको छ र यो सत्य पनि हो। यो दुर्भाग्यपूर्ण कुरा हो। एमाले र केपी ओली खास गरेर राष्ट्रका हरेक क्षेत्रलाई समेट्ने प्रयास गरेको देखाउन खोज्नुले मधेशका युवाहरु आकर्षित भइरहेका छन्।

० प्रधानमन्त्री केपी शर्मा ओलीले बारम्बार आवश्यकता र औचित्यको आधारमा संविधान संशोधन गर्ने भन्दै आउनुभएको थियो। तर उहाँले गर्ने इच्छा पनि जाहेर गर्नुभएको छ। भनेपछि अहिले संविधान संशोधनको आवश्यकता र औचित्य उहाँले महसुस गर्नुभएको हो ?

– राजनीति सम्भावनाको खेल हो, धेरै कुरा परिस्थितिले तय गर्छ। अहिलेको परिस्थिति पनि यस्तो विकसित भएको छ कि अब आउने दिनमा मधेशी मात्र होइन, सीमान्तकृत, उपेक्षित जति समुदाय वर्गहरु छन् सबैलाई समेट्नैपर्ने हुन्छ। यो एउटा निरन्तर राजनीतिक प्रवाहको सकारात्मक पक्ष हो। ओलीजी अनुभवी नेता हुनुहुन्छ, उहाँले परिस्थितिलाई बुझिरहनुभएको छ। विगतमा संविधान संशोधनको पक्षमा आवश्यकता र औचित्यको प्रश्न उठाउनुभएको थियो। त्यसैले समयले उहाँलाई एउटा अनुभव पनि दिएको छ, उहाँको बुझाइमा पनि कतै न कतै परिपक्कता आएको हुनुपर्छ। त्यसकै परिणाम हामीले देखिरहेका छौं।

० भनेपछि उहाँलाई आवश्यकता र औचित्य महसुस भएको हो ?

– निश्चितरुपमा। संविधान संशोधन मधेशको मात्रै मुद्दा होइन, मधेशले उठान गरिदिएको विषय पनि हो। जनसंख्याको आधारमा निर्वाचन क्षेत्रको माग गरिएको छ, यो मधेशमा मात्रै वृद्धि हुन्छ भन्ने कुरा छैन। यो राष्ट्रिय आवश्यकताको मुद्दा हो। यो कुरा ओलीजीले पनि अब बुझ्दै हुनुहुन्छ।

० मधेशको स्कूलिङ्गबाट राष्ट्रिय राजनीतिमा आफ्नो प्रभाव जमाएका नेता हृदयेश त्रिपाठी अहिले ओली सरकारमा मन्त्री हुनुहुन्छ। अहिले मधेशको सवालमा प्रधानमन्त्री ओली सकारात्मक हुँदा त्रिपाठीको भूमिका कस्तो देख्नुहुन्छ ?

– हृदयेश त्रिपाठीजीको मधेश राजनीतिसँगको संलग्नता अथवा भूमिकालाई सन्देह गर्न मिल्दैन। उहाँ सुरुदेखि नै स्व.गजेन्द्र नारायण सिंहसँग रहेर आफ्नो भूमिका खेल्दै आउनुभएको छ। उहाँले आफ्नो समग्र जीवन यसैमा लगाउनुभएको छ। चुनावी राजनीतिमा खासगरी ग्राउण्ड रियालिटीलाई पनि आत्मसात गर्नुपर्ने हुन्छ। मधेश राजनीतिमा वर्तमान प्रदेश २ का नेताहरुले आफ्नो वर्चस्व बनाए। प्रदेश १, ५ अथवा ७ का नेताहरुले त्यति फेस भ्याल्यु पाउन सकेनन्। त्यसका लागि पनि उहाँलाई कता न कता चित्त दुखेको हुनसक्छ। समग्र मधेश एक प्रदेशको नारा लाग्ने बेलामा उहाँ अग्रपंक्तिमा हुनुहुन्थ्यो। मधेश आन्दोलनका बेला जुनसुकै कार्यालयमा नेपाल सरकारको ठाउँमा मधेश सरकार लेखिएको थियो। त्यस हिसावले उहाँ पनि मधेशकै नेता हुनुहुन्छ र मधेशकै राजनीति गर्नुभएको छ। तर स्थानीय परिबन्द र मधेशी नेतृत्वबाट पाउनुपर्ने उचित सम्मानको अभावको कारणले उहाँले परिस्थितिवश सम्झौता गर्न परेको हुनसक्छ।

० अहिले मधेशको माग पूरा हुने अवस्था सिर्जना हुँदैछ, त्रिपाठी पनि यही सरकारमा मन्त्री हुनुहुन्छ। उहाँको भूमिका किन देखिँदैन ?

– उहाँ स्वयम् सरकारमा हुनुहुन्छ, त्यसैले बढी मुखर हुने अवस्था हुँदैन। मन्त्री भएको कारणले कतिपय यस्ता दायित्व हुन्छन्, जसमा नेताले खुलेर बोल्न सक्ने अवस्था बन्दैन। फेरि मन्त्रीले बोलेको कुरा लगभग भएको हुनुपर्दछ। अहिले अत्यन्त जटिल मोडमा नेपालको राजनीति छ, एउटा अन्योलताको परिस्थिति सिर्जना गरिदिएको छ। त्यसैले हुस्सु लागेको अवस्था भएकोले हामीले धेरै कुरा देख्न सकिरहेका छैनौं।

(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)

ओलीको विकल्प ठाकुर किन हुन सक्दैन ?

ललित कुमार यादव

प्रधानमन्त्रीले गत पुस ५ गते विघटन गरेको प्रतिनिधिसभा सम्मानित सर्वोच्च अदालको फागुन ११ गतेको फैसलाले पुनःस्थापना भयो । प्रतिनिधिसभा पुनःस्थापना भएको पनि डेढ महिना पुरा भइ दुई महिना हुन लागेको छ । यतिको समय बितिसक्दा पनि मुलुकको राजनीतिले लिनु पर्ने रफतार लिन सकेको छैन । अहिले पनि राजनीतिक अन्यौलता कायम नै छ । मुख्यतया अहिले मुलुकको राजनीति वर्तमान ओली सरकारको निरन्तरता कि ओलीइतरको नयाँ सत्ता समीकरण कि ताजा जनादेशको अन्योलग्रस्त अवस्थामा फसेको छ ।

पछिल्लो समय निर्वाचनमा जानुपर्ने अवस्था आउनसक्छ भन्ने प्रमुख प्रतिपक्षी दल काँग्रेसका सभापति देउवाको अभिव्यक्ति आएको छ । देउवाको यो अभिव्यक्ति मुलुक अर्ली इलेक्सनमा जान लागेको सम्भावना बढेको संकेत हो । यसअघिदेख नै प्रधानमन्त्री ओली अर्ली इलेक्सनमा जानु पर्ने पक्षमै रहेका छन् । हुन त काँग्रेस वैकल्पिक सरकारको नेतृत्व गर्न तयार रहेको निर्णय पनि देउवाको रुचि विपरित भएको निर्णय हो । अहिले निर्वाचन भएमा काँग्रेसलाइ लाभ हुने, सभापति देउवाको बुझाइ रहेको छ । पछिल्लो समय आएको देउवाको अभिव्यक्तिले सभापति देउवाको ध्यान पनि अर्ली इलेक्सनमै रहेको प्रष्ट भएको छ । सभापति देउवा काँग्रेस नेतृत्वमा सरकार बनाउन अग्रसर भएको देखिए पनि देउवाको प्राथमिकतामा ओलीइतरको गठबन्धन पर्न नसकेको देखिन्छ ।

प्रतिनिधिसभा विघटनलाइ प्रतिगमन भन्दै तत्कालीन नेकपाका दहाल-नेपाल पक्ष, प्रमुख प्रतिपक्षी काँग्रेस र प्रतिपक्षमा रहेका जसपा समेतले प्रधानमन्त्री ओलीको विरोध गरेको थियो । यी दलहरु प्रतिनिधिसभा पुनःस्थापनाकै पक्षमा रहेको थियो । प्रतिनिधिसभा पुनःस्थापना पनि भयो । तर, पुनःस्थापना भएको प्रतिनिधिसभाले मुलुकलाई निकास दिन सकेको छैन् । यसको नैतिक जिम्मेवारी यिनै दलहरुले लिनु पर्छ ।

ओलीइतरका दलहरुबीच विश्वासको वातावरण बन्न सकेको छैन । सबै दलमा गुट र समुह पिच्छै फरक फरक मत छ । कुनै पनि दलमा एकमत छैन । वैकल्पिक सरकारको लागि नया सत्ता समीकारण तयार हुन नसक्नुमा दलहरुको आन्तरिक विवाद नै मुख्य कारक रहेको छ । ओलीलाई प्रतिगामी भनेकाहरुले तुरुन्तै ओलीको विकल्प दिन सक्नु पर्छ । ओलीको विरोध पनि गर्ने तर पुनःस्थापित प्रतिनिधिसभाबाट निकास पनि दिन नसक्ने, यसलाइ पनि अग्रगमन भन्नु मिल्दैन । मुलुकलाई निकास दिन नसक्नु ओलीको बिरोध गरेका दलहरुको राजनीतिक हार हो । यसलाइ अरु केही नाम दिन सकिदैन ।

वर्तमान ओली नेतृत्वको सरकारको विकल्पमा सरकार गठन हुन काँग्रेस, माओवादी केन्द्र र जसपा को गठबन्धन बन्नै पर्छ । वैकल्पिक सरकारको लागि यी तिन दलको गठबन्धनको विकल्प छैन । यी दलहरुबिच वैकल्पिक सरकार गठन गर्ने विषयमा छलफल नै नभएको अवस्था होइन । तर, मुलुकले निकास पाउने गरि निशकर्षमा पुगेको अवस्था पनि पक्कै होइन ।

माओवादी केन्द्र शुरुदेखि नै

वैकल्पिक सरकार गठन गर्ने प्रयासमा रहेको छ । यसका लागि माओवादी केन्द्रले सबै विकल्पमा छलफल गर्न र एउटा निश्कर्षमा पुग्न तयार रहेको छ । ढिलै भएपनि काँग्रेसले पनि आफ्नै नेतृत्वमा सरकार गठन गर्न अग्रसरता लिने केन्द्रीय समितिबाट निर्णय गरेको एक साताभन्दा बढी भैसक्यो । काँग्रेसले औपचारिक रुपमै माओवादी केन्द्र र जसपा सँग छलफल अगाडि बढाएको छ । वर्तमान अवस्थामा जसपा निर्णायक शक्तिको रुपमा रहेको छ । तर, निर्णायक जसपा कुनै एउटा निर्णयमा पुग्न सकेको छैन । अहिले जसपाकै निर्णयको पर्खाइमा मुलुकको राजनीतिको रफ्तारमा ब्रेक लागेको छ ।

पछिल्लो समयमा जसपाभित्र पनि मुख्यतया फरक फरक दुई धार देखिएको छ । महन्थ ठाकुर र राजेन्द्र महतोको एउटा धार रहेको छ भने उपेन्द्र यादव र बाबुराम भट्टराईको अर्को धार रहेको छ । ठाकुर र महतो ओलीकै नेतृत्वलाई निरन्तरता दिन खोजेको देखिन्छ भने यादव र भट्टराई जुनसुकै हालतमा ओलीको विकल्प खोज्नु पर्ने पक्षमा रहेको छ । जसपाभित्र पनि सके आफ्नै नेतृत्वमा सरकार बनाउन पहल गर्ने, नसके आफ्ना माग पूरा गर्न तयार हुने दलसँग सहकार्य गर्ने मत बढ्दै गएको छ । प्रधानमन्त्री ओलीले जसपाको माग सम्बोधन गर्ने प्रकृया पनि अगाडि बढाइसकेको छ । तर, अहिलेसम्म जसपाले औपचारिक निर्णय लिई नसकेको अवस्था नै हो । जसपा ओली र ओलीइतरका दलहरु दुवै पक्षसँग छलफलमै रहेको छ । आफ्नै आन्तरिक विवादका कारण जसपा अलमलमा रहेको छ । जसपाकै अलमलले मुलुकले निकास पाउन सकेको छैन र मुलुकको राजनीति पनि अलमलमै रहेको छ ।

राज्यले मधेशलाई सधैं उपेक्षामा पारेको निष्कर्षसहित मधेशकेन्द्रित राजनीतिमा सकृय भएको हो, महन्थ ठाकुर । तुलनात्मकरुपमा अरु नेताभन्दा बढी मधेशलाई उपेक्षा गर्ने गरेको आरोप ओलीलाई लाग्ने गरेको छ । ओलीले विभिन्न समयमा मधेश र मधेश आन्दोलनप्रति दिएको अभिव्यक्ति र गरेका टिका टिप्पणी पनि आरोपकै नजिक रहेको छ । अहिले उनै महन्थ ठाकुरले सबैभन्दा बढी ओलीलाई नै विश्वास गरेको देखिन्छ । आफ्नै पार्टीको एक पक्ष प्रतिगामी देखेका ओलीप्रति ठाकुरको विश्वास बढ्नुको कारण प्रष्ट हुन भने बाँकी नै छ ।

मधेशको लागि तीनटै दल उस्तै हो । २०६४ को संविधानसभामा निर्णय गर्ने शक्तिका रुपमा रहेको कारण सत्ता समीकरणमा मधेश केन्द्रित दलहरुले राम्रै स्थान पाउने गरेका थिए । संविधान जारि हुने बेलामा मधेशकेन्द्रित दलहरु सानो शक्तिमा थियो । मधेशकेन्द्रित दलहरु शक्तिमा नभएकै कारण तीनटै दलले उपेक्षा गरे । तिनदलबीच १६ बुंदे सहमति भयो । सोही सहमतिको अधारमा संविधान जारी भयो । संविधानमा मधेशको असन्तुष्टी रहेको कारण मधेशमा ६ महिना लामो अवधिसम्म आन्दोलन भयो ।

जसपा अहिले मधेश आन्दोलनकै मुद्दा सम्बोधन हुनु पर्ने माग अगाडि सार्दै राजनीतिक सौदाबाजी गरि रहेको छ । जसपाले उठाएका मुख्य मागहरु जेलमा रहेका आफ्ना कार्यकर्ताहरुको रिहाइ, राजनीतिक मुद्दाहरुको खारेजि, संविधान संशोधन, लाल आयोगको प्रतिवेदन सार्वजनिक र जसपाको सहमतिमा नागरिकता विधेयक पारित हुनु पर्ने रहेका छन् । जसपा आफ्ना यीनै मागहरु पुरा हुने सुनिश्चितता खोज्दैछ । झट हेर्दा सत्ता समीकरणलाई जसपाले गौण मानेको पनि देखिन्छ ।

२०७४ फागुन ३ गते वर्तमान ओली नेतृत्वको सरकार गठन भएको हो । सरकारलाई महन्थ ठाकुरले नेतृत्व गरेको राजपाले पनि समर्थन गरेको थियो । तर, आफ्ना माग सम्बोधन नहुने देखेपछि छोटो समयमै समर्थन फिर्ता लियो । उपेन्द्र यादवले नेतृत्व गरेको पार्टी भने सहमतिको कार्यवन्यनको आशमा सरकारमा सहभागी नै भएको थियो । पछि प्रधानमन्त्रीले मतलब गर्न छोडेका कारण २०७६ साल मंशिरमा यादव पनि सरकारबाट बाहरियो । २०७७ साल बैशाख १० गते राजपा र संघीय समाजवादी पार्टि एकिकरण भएर जसपा संस्थापित भएको हो । पटक पटक आफ्ना माग सम्बोधन गराउने सहमति गर्दै सरकारमा सहभागी हुने गरेका मधेशकेन्द्रित दलहरुको माग तिनटै दलले सम्बोधन गर्न सकेको छैन ।

महन्थ ठाकुर नेपाली राजनीतिका चिर परिचित व्यक्ति हुन् । अहिलेसम्म ठाकुरले आदर्शवादी र नैतिकवान नेताको पहिचान गुमाएको छैन । लगभग चार दशक नेपाली काँग्रेसमा आबद्ध रहेका ठाकुर २०६४ सालमा काँग्रेस त्याग गरेर मधेशकेन्द्रित राजनीतिमा सकृय भएका थिए । काँग्रेसमा रहँदा पनि असल छवि बनाएका ठाकुर मधेशकेन्द्रित दलमा पनि आफ्नो छविमा दाग लाग्न दिएको छैन । मधेश केन्द्रीत दलमा सकृय भए देखि नै सधै नेतृत्वमै रहेका ठाकुर सत्ताको खेलमा कहिले लागेन । सँधै सबैलाई मिलाउनमै केन्द्रित हुने गरेका छन् ।

काँग्रेस नेतृत्वको विकल्पमा खुल्ला हुनु पर्छ । सत्ता समीकरण बनाउन खोजेको काँग्रेसले आफ्नै नेतृत्वको दावीमा अडिग रहनु हुँदैन । जसपाले पनि नेतृत्व लिन खोजेको हो भने नेतृत्वको नाम सहित एकजुट भएर दलहरुसँग छलफलमा जुटनुपर्छ । जसपाले औपचारिक निर्णय गरेर नेतृत्वको नाम टुङ्गो लगाएर नेतृत्वको दावी गर्नु उचित होला । नेतृत्व गर्नेले प्रष्ट निर्णयका साथ अग्रसरता लिन पनि जरुरी छ । जसपाले नेतृत्व लिन खोजेको हल्ला सुनिए पनि नेतृत्व लिन तयार रहेको देखिदैन । तसर्थ सर्वप्रथम जसपाले आफ्नो लाइन स्पष्ट गरेर नेतृत्वको लागि तयार भएको निर्णय गर्न जरुरी छ ।

ओलीको विकल्पको खोजीमा रहेका काँग्रेस र माओवादी केन्द्र कसैले नयाँ अनुहारलाई अगाडि सारेको छैन । ओलीको विकल्पमा जो आए पनि पहिले परीक्षण भैसकेकै अनुहार आउने हो । परिक्षण भैसकेको अनुहार ल्याउनु भन्दा जसपाले महन्थ ठाकुरलई अघि सारेमा समीकरण बनाउन काँग्रेस र माओवादी केन्द्र तयार हुनु पर्छ । सकेसम्म एमाले पनि महन्थको नेतृत्व स्विकार गर्न तयार हुनु पर्छ ।ठाकुरलाइ किन प्रधानमन्त्री नबनाउने ? के ठाकुर ओलीको विकल्प हुन सक्दैन ? हुन सक्छ भने सबै ठाकुरको नेतृत्व स्विकार गर्न तयार हुनु पर्छ । सँधै जसपालाई आफ्नो सत्ता टिकाइ दिने सहयात्री मात्रै बनाउनु हुँदैन । नेतृत्व दिन पनि तयार हुनु पर्छ नेपाली राजनीतिज्ञहरु । जसपा र महन्थ ठाकुरहरु किन र कहिलेसम्म अरुको सत्ता मात्रै टिकाइ रहने ? २०६९ सालमा मुलुकलाई निकास दिन बहालबला प्रधानन्यायधीशको नेतृत्व स्वीकार गरिसकेका यीनै दलहरुले मुलुकलाई निकास दिन अहिले ओलीको विकल्पमा ठाकुरलाई रोज्न सक्नु पनि उचित निर्णय नै हुन्छ ।

lkskeshariaaryan@gmail.com

प्रदेश २ का प्रमुख अहिराजद्वारा गोरखा दरबारको भ्रमण

गोरखा । प्रदेश २ का प्रमुख राजेश अहिराज पृथ्वीनारायण शाहको जन्मस्थल गोरखाको भ्रमण गरेका छन् ।

हिमाल पारीको जिल्ला मनाङ्ग र मुस्ताङ्गको भ्रमण सकेर प्रदेश प्रमुख अहिराज शनिबार नेपाल एकीकरणको उद्गम स्थल गोरखाको भ्रमण गरेका हुन । गोरखा भ्रमणको क्रममा उनले नेपाल एकीकरणका नायक पृथ्वीनारायण शाहको दरबार भ्रमण गरी शाहको शालिकमा माल्यार्पण गरे । त्यसअछि उनी सर्वसाधारणसँगै लाइनमा बसेर गोरखकाली भगवती तथा गोरखनाथको पनि पूजाअर्चना गरे ।

त्यसक्रममा उनले गोरखनाथका पूजारी नाथ सम्प्रदायका प्रदीपनाथ योगीसँग नेपाल निर्माणमा पृथ्वीनारायण शाहको योगदानका बारेमा छलफल गरेका थिए ।

प्रदेश प्रमुख अहिराजले मार्क्सवाद, लेनिनवाद, माओवादको मूल आधार पृथ्वीनारायण शाहको

दिव्योपदेश भएको चर्चा गरे । 'विश्वका ठूल्ठूला नेताहरुले प्रतिपादन गरेका सिद्धान्तभन्दा पनि पृथ्वीनारायण शाहको दिव्योपदेश हाम्रो देशको माटो, हावापानी सुहाउँदो 'वाद' भएकाले समुन्नत नेपाल निर्माणका लागि पर्याप्त छ,'उनले भने । गोरखाका प्रमुख जिल्ला अधिकारी शालिग्राम पौडेल, प्रहरी प्रमुख एसपी शैलेन्द खनाल, गोरखा दरबारका प्रमुख हरि भुसाल, गोरखा दरबार संग्रहालय प्रमुख नवराज अधिकारी पनि त्यसअवसरमा उपस्थित थिए । छलफल पछि उनी गोरखा दरबार संग्रहालयमा रहेका सम्पदाहरुको अवलोकन पनि गरे । 'नेपाल एकीकरणको क्रममा सहादत प्राप्त गर्ने तथा अहोरात्र खट्ने तराई मधेशका योद्धा र मुस्लिमको योगदान जनाउने सम्पदालाई उच्च सम्मानका साथ संग्रहालयमा पनि समेट्नपर्छ,' संग्रहालय अवलोकन पछि उनले भने । गोरखाको भ्रमण सकेर उनी नुवाकोट भ्रमण पनि गरेका छन् ।

मधेश अपडेट

कांग्रेस पनि चुकेको छ : शेखर कोइराला

विराटनगर । नेपाली कांग्रेसका नेता शेखर कोइरालाले सभामुख अग्निप्रसाद सापकोटाले उपसभामुखको निर्वाचन गराएर संसद्लाई बिजनेस दिनुपर्ने सुझाव दिएका छन् । नयाँ वर्षका अवसरमा वरगाछी युवा समाजले विराटनगरमा बुधबार आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा उनले पुनःस्थापित संसद् अनिर्णयको बन्दी भएको अवस्थामा सभामुख सरकारको लाचार छायाका रूपमा बस्न नहुने बताएका हुन् । 'संसद्लाई सरकारले बिजनेस दिइरहेको छैन किनकि सरकारलाई संसद्सँग मतलबै छैन,' उनले भने, 'संसद् पुनःस्थापना भएदेखि प्रधानमन्त्री केपी शर्मा ओलीजी सदनमा नजानु र सरकारले संसद्लाई बिजनेस नदिएको अवस्थामा सभामुखजीले उपसभामुखको निर्वाचन गराएर बिजनेस दिन सक्नुपर्दैन ?' संसद्लाई अनिर्णयको बन्दी बनाएर राख्ने सभामुखलाई प्रश्न उठाएर दोषी भन्न नसक्नु संसदमा प्रतिनिधित्व गर्ने दलहरूको कमजोरी भएको कोइरालाको भनाइ थियो । 'संसद्को सभामुखजीलाई उपसभामुखको निर्वाचन गराउन कसले रोकेको छ ? कतै माओवादी र एमालेको साँठगाँठ त भइरहेको छैन भन्ने सोच्नु आवश्यक भइसकेको छ किनकि राजनीतिमा सबै कुरा सम्भव छ,' उनले भने । माओवादी केन्द्रले सरकारलाई दिएको समर्थन फिर्ता नलिई अन्य दललाई मिलाउन खोज्नु उपयुक्त नभएको कोइरालाको भनाइ थियो । 'माओवादीले समर्थन फिर्ता लिएपछि सरकार अल्पमतमा पर्छ,' उनले भने, 'अल्पमतको सरकारले संवैधानिक व्यवस्थाअनुसार विश्वासको मत लिनुपर्छ र त्यो लिन नसकेपछि निर्वाचनमा जान्छ ।'

क्लोथ बैंकद्वारा हाइअलर्टमा बस्न आग्रह

जनकपुरधाम । बढ्दै गइरहेको कोरोना महामारीलाई दृष्टिगत गर्दै क्लोथ बैंक नेपालले हाइअलर्टमा बस्न आग्रह गरेको छ । क्लोथ बैंकका अध्यक्ष तथा जनता समाजवादी पार्टी नेपालका केन्द्रीय सदस्य राजीव झाले शुक्रबार एक सूचना जारी गर्दै यस्तो आग्रह गरेका छन् । कोरोना महामारीको सबभन्दा बढी जोखिममा प्रदेश २ रहेको छ भने संघीय राजधानी काठमाडौंमा पनि संक्रमण बढ्दै गएको तथ्यांक सार्वजनिक हुँदै आएको छ । क्लोथ बैंकद्वारा संचालित होम आइसोलेसन कार्यक्रमसँग आबद्ध चिकित्सकहरुको टिम र म्यानेजमेन्ट टिम संस्थाका पदाधिकारी तथा सम्पुर्ण सदस्यहरु एम्बुलेन्स व्यवस्थापन समितिका सदस्यहरू लगायत सबैलाई हाई एलर्टमा बस्न अध्यक्ष झाले आग्रह गरेका छन् । साथै क्लोथ बैंकले उपलब्ध गराउँदै आएको मेडिकल सेवाहरु पनि पुनः सुचारु गरेको जानकारी अध्यक्ष झाले दिएका छन् ।

विपन्न महिलालाई बाख्रा वितरण

कपिलवस्तु । विपन्न गरिव तथा एकल महिलाहरुको आयआर्जनमा टेवा पुर्‍याउने उद्देश्यले शुद्धोधन गाउँपालिकाले बाख्रा वितरण गरेको छ । मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम अनर्तरगत गाउंपालिका क्षेत्र भित्रका ४० जना विपन्न महिलाहरुलाई १,१ वटा बाख्रा वितरण गरिएको हो । बाख्राँसँगै महिलाहरुलाई घांसको विउ, औषधी तथा भिटामिन लगायतका साम्रगी समेत वितरण गरिएको छ । ६ वटा वडाबाट वडा कार्यालय तथा पालिका स्तरिय मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम समन्यव समितिले छनौट गरेका महिलाहरुलाई बाख्रा वितरण गरिएको प्रमुख प्रशासकीय अधिकृत कृष्ण प्रसाद ज्ञवालीले बताए । स्थानीय स्रोत र साधनको प्रयोगवाट महिलाहरुलाई घरखर्च तथा आम्दानी गर्न सहजता लागी बाख्राँ तथा साम्रागी वितरण गरिएको गाउंपालिकाकी उपाध्यक्ष सुधादेवी पाण्डेयले बताइन् । बाख्रा पाएपछि स्थानीय वडा नं १ की इरारमती अहिरले बाख्रा राम्रोसँग पालेर जिविकोपार्जन गर्ने बताइन् । बाख्रा वितरण समारोहमा उपाध्यक्ष सुधादेवी पाण्डेय, वडा नं १ का अध्यक्ष तिलकराम यादव, वडा नं २ का अध्यक्ष मनोज कुमार यादव , वडा नं ४ का अध्यक्ष नरेश अहिर, प्रमुख प्रसासकीय अधिकृत कृष्ण प्रसाद ज्ञवाली, लेखा अधिकृत ऋषिदेव अर्याल ,योजना अधिकृत सन्तोष कुमार श्रीवास्तव लगायतको उपस्थिती रहेको थियो ।

संसदीय दलको नेतामा साह

जनकपुरधाम । नेकपा (माओवादी केन्द्र)ले प्रदेश २ को संसदीय दलको नेतामा भरत साहलाई चयन गरेको हो । यस्तै, उपनेतामा जगत यादव, प्रमुख सचेतकमा दिलीप साह र रुबी कर्ण सचेतकमा चयन भएका छन् । तत्कालीन नेकपा एमालेसँग एकीकरण हुनुअघि माओवादीको दलको नेतामा रामचन्द्र मण्डल थिए । तर ५ पुसमा प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधि सभा विघटन गरेपछि मण्डल प्रधानमन्त्री ओलीको खेमामा लागेका थिए । ओली समूहमा लागेका मण्डलसहित ४ सांसदलाई स्पष्टीकरण सोध्ने निर्णयसमेत पेरिसडाँडा बैठकले गरेको प्रमुख सचेतकमा चुनिएका साहले जानकारी दिए । मण्डलसहित कुन्दन साह, ज्वाला साह र मो. समिर अन्सारी ओलीतिर लागेका थिए । उनीहरुलाई स्पष्टीकरण सोधिने र त्यसपछि प्रक्रिया पूरा गरी सांसदबाट हटाउने तयारी पार्टीले गरेको छ । प्रदेश २ मा माओवादी केन्द्रका ११ सांसद छन् ।

रूपन्देहीमा पनि समानान्तर कमिटी

बुटवल । पार्टीभित्रको विवादपछि एमालेभित्र समानान्तर कमिटी गठनले तीव्रता पाएको छ । सोही क्रममा झलनाथ खनाल-माधव नेपाल पक्षले रुपन्देहीमा राजु गुरुङको अध्यक्षतामा २ सय ५ सदस्यीय समानान्तर कमिटी घोषणा गरेको छ । नेकपा एमालेका उपाध्यक्ष युवराज ज्ञवाली र उपमहासचिव घनश्याम भुसालको उपस्थितिमा मंगलबार जिल्ला कमिटी घोषणा भएको हो । जिल्ला विस्तारित बैठकपछि भएको सो कमिटीको उपाध्यक्षमा पुरुषोत्तम घिमिरे, सचिवमा जागेश्वरीदेवी चौधरी र उपसचिवमा सिद्धिचरण भट्टराईलाई जिम्मेवारी तोकिएको छ । क्षेत्रीय कमिटी, पालिकास्तरमा गठन गर्ने तयारी भईरहेको उपसचिवमा सिद्धिचरण भट्टराईले रातोपाटीलाई बताए । यसअघि खनाल नेपाल पक्षले लुम्बिनी प्रदेशका ४ जिल्लाहरुमा समानान्तर कमिटी घोषण गरेको थियो । सवैभन्दा पहिले अर्घाखाँची जिल्लामा समानान्तर कमिटी बनाएको एमालेले नवलपरासी, बाँके, प्युठान पुनर्गठन गरिसकेको छ ।

२२ छात्रा कोरोनाबाट संक्रमित

वीरगञ्ज । वीरगन्जको बिर्तामा रहेको चिकित्साशास्त्र अध्ययन संस्थानअन्तर्गतको नर्सिङ क्याम्पसका २२ छात्रामा कोरोना संक्रमण पुष्टि भएको छ । नारायणी अस्पतालका कोभिड-१९ संयोजक डा. सरोज रोशन दासका अनुसार मंगलबारसम्म नर्सिङ कलेजका २२ जना छात्रालाई कोरोना पुष्टि भइसकेको छ । 'सुरुमा १ छात्रा, त्यसपछि १५ र ६ जना गरी मंगलबारसम्म २२ छात्रामा कोरोना पुष्टि भइसकेको छ,' उनले भने, 'कन्ट्याक्ट ट्रेसिङ गरिएको छ, संक्रमितको संख्या अझै बढन पनि सक्छ ।' डा. दासका अनुसार, जिल्लामा आइतबारदेखि मंगलबारसम्म तीन दिनमा मात्रै ९६ जना कोरोना संक्रमित थपिएका छन् । नारायणी अस्पतालको प्रयोगशालामा गरिएको परीक्षणको नतिजाअनुसार, आइतबार ६० जनाको स्वाब परीक्षण गर्दा २८ जना, सोमबार ९५ जनाको स्वाब परीक्षण गर्दा ४० जना र मंगलबार ७९ जनाको स्वाब परीक्षण गर्दा २८ जनामा कोरोना पुष्टि भएको थियो । बुधबार सार्वजनिक बिदा रहेकाले अस्पतालको प्रयोगशाला बन्द रहेको छ । यसबाहेक यहाँस्थित नेपाल-भारत सीमामा गरिएको परीक्षणबाट बुधबारसम्ममा गरी १० जना कोरोना संक्रमित फेला परिसकेका छन् ।

रमजान सुरू

विराटनगर । इस्लाम धर्मावलम्बीहरुको महान पर्व रमजान बुधबारबाट सुरु भएको छ । नयाँ वर्षसँगै रोजा पर्व सुरु हुनु सम्भवतः यो पहिलो भएको बुढापाकाहरु बताउँछन् । यो पर्वमा एक महिनाभर मुस्लिम समुदायले बिहान सूर्योदय हुनुअघिदेखि सूर्यास्त नभएसम्म पानीसमेत खाँदैनन् । उर्दू क्यालेण्डरअनुसार दिनभर निराहार बस्नुलाई रोजा भनिन्छ । रोजाको समय दैनिक सूर्य उदाउने र अस्ताउने समयसँगै समय तालिका पनि परिवर्तन भइरहन्छ । रोजा बस्न बिहान तोकिएको समय अगावै र बेलुका तोकिएको समयपछि आहार लिने गर्दछन् । रमजान उर्दू क्यालेण्डर अनुसार हिजरी सम्वत् १४४२ हो भने रमजान महिना नवौं महिना हो । रमजान महिनामा नै मुसलमानको सबै भन्दा ठूलो ग्रन्थ कुरान अवतरण भएको हो भने यो महिनामा अल्लाहको कृतज्ञता प्राप्त हुने विश्वास लिएको छ । दान दिनु गरीब र दीनदुःखीलाई सेवा गर्नु, जकात निकाल्नु यो महिनाको ठूलो विशेषता हो । रमजान व्रत बस्न मुसलमानहरुले चन्द्रमा हेर्न आकाशतिर दृष्यावलोकन गर्ने र चन्द्रमा हेरेर औंधी रमाउने प्रचलन छ । शरीरलाई चोखो राखेर मात्र रोजा बस्नुपर्छ । कुलतमा लागेका मानिस एक महिना इमान्दारीपूर्वक रोजा बस्न सक्यो भने चुरोट, खैनी, गुट्खा आदि पदार्थ खाने बानीमा परिवर्तन आउँछ । व्रतका बेला मुस्लिम समुदायले मस्जिदमा गइ कुरानको केही भागका रुपमा नमाज पढ्ने गर्छन् । एक महिनापछि व्रत समापनका अवसरमा पनि सामाजिक दूरी कायम गरेर इदुल फित्र मनाइने तयारी भइरहेको बताइएको छ । त्याग, तपस्या र बलिदान सबै जोडिने यो पर्वमा मुसलमान रोजा बस्नुलाई गर्व मान्दछ । नाबालक, बिरामी, घातक रोग लागेका र गर्भवती महिलालाई रोजा बस्न अनिवार्य छैन ।

विजयादशमी, शुभ दीपावली, छट-२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई-दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

दयानन्द गोइत

अध्यक्ष

बलान बिहुल गाउँपालिका, सप्तरी, प्रदेश २

विजयादशमी, शुभ दीपावली, छट-२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई-दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कौशल किशोर यादव

मेयर

कबिलासी नगरपालिका, सर्लाही, प्रदेश २

नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरु :

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

नववर्ष २०७८ को पावन अवसरमा सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धिको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

उदयकुमार यादव बरबरिया

मेयर

शहीदनगर नगरपालिका

धनुषा, प्रदेश २

नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरु :

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

नववर्ष २०७८ को पावन अवसरमा सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धिको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शम्भु प्रसाद यादव

मेयर

राजविराज नगरपालिका

सप्तरी, प्रदेश २

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. २, धनुषा, नेपाल

सम्पर्क नं. : ०१५२२३५०

इमेल : malcprovince2@gmail.com

संक्षिप्त समाचार

कटुवा पेस्तोल र गोलीसहित ३ जना पक्राउ

बाँके । कोहलपुर नगरपालिका-१० हाईस्कुल चोकबाट १ थान कटुवा पेस्तोल र १ राउण्ड गोलीसहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । शुक्रबार साँझ पकाउ पर्नेहरुमा भारत बहराइज बाबागंज बस्ने २० वर्षीय महता प्रसाद खटिक, सोही ठाउँ बस्ने ५५ वर्षीय नकछेद पाछी र बाँके कोहलपुर नगरपालिका-१४ बस्ने ३२ वर्षीय सुरज लामिछाने रहेका छन् । विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरीले उनीहरुलाई जाँच गर्ने क्रममा उक्त हातहतियार सहित फेला पारी पक्राउ गरेको हो ।

आगलागीबाट एक करोडको ७३ लाखको क्षति

रौतहट । परोहा नगरपलिका-४ लौकाहास्थित ढुकुछु कन्ट्रक्सन प्रालि भक्तपुरको निर्माण सामाग्री स्टोरमा खाना पकाउने क्रममा ग्याँस लिक भई शुक्रबार दिउँसो आगालागी हुँदा स्टोरमा रहेका बिभिन्न गाडीको पार्टस, मेसिनरी पार्टस, सिमेन्ट, कम्प्युटर, हाईड्रोलिक गेयर तेल, ब्याट्री, ईन्भर्टर, जेनेरेटर लगायतका सामान जलेर करिब १ करोड ७३ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ । साथै आगलागीमा परी घाइते भएका सोही नगरपालिका-६ बसन्तपट्टी बस्ने ३४ बर्षीय दिप नारायण प्रसाद पटेलको स्थानीय मेडिकलमा उपचार भइरहेको छ ।

माओवादीले प्रदेश २ मा सांसद थप्ने

जनकपुरधाम । नेकपा माओवादी (केन्द्रले कारबाही गरी बर्खास्त गरेका बाराका समानुपातिक प्रदेश सांसद महोम्मद समिरको स्थानमा सप्तरीबाट नयाँ सांसद थप्ने तयारी गरेको छ। माओवादीले मुस्लिम समुदायबाटै समानुपातिक सांसदको नाम सिफारिस गर्ने तयारी गरेको प्रमुख सचेतक दिलीपकुमार साहले जानकारी दिए । एमालेतर्फ लागेका कारण कारबाही गर्दै प्रदेश सांसदबाट रामचन्द्र मण्डल, ज्वाला साह, कुन्दन कुशवाहा र महोम्द समिरलाई निलम्वन गरेको छ। निलम्बितमध्ये ३ जना प्रत्यक्ष निर्वाचित सांसद हुन भने समिर समानुपातिक सांसद हुन्। समिरको स्थानमा सप्तरीबाट प्रतिनिधित्व हुने गरी समानुपातिक सांसद थप्ने तयारी भएको उनले बताए। समानुपातिक सांसद थप भए प्रदेश सभामा माओवादी केन्द्रको सांसद संख्या ८ पुग्छ।

बाँकेमा लागूऔषधसहित दुई जना पक्राउ

बाँके। जिल्लाको दुई छुट्टाछुट्टै स्थानबाट प्रबन्धित विभिन्न लागूऔषधसहित दुई जना पक्राउ परेका छन् । नेपालगंज उपमहानगरपालिका-१७ चौलिका चोकबाट करिब १५ ग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो दखिने पदार्थ सहित सोही नगरपालिका-१६ बस्ने गब्बर भन्ने हासिम हुसेन कवडियालाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । सिमा प्रहरी चौकी जयसपुर बाँकेबाट खटिएको प्रहरीले हासिमलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो । यसैगरी बाँके, नेपालगंज उपमहानगरपालिका-१५ जमुनाह गाउँबाट करिब १ ग्राम ८ सय मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो दखिने पदार्थ सहित कोहलपुर नगरपालिका-६ रझेना बस्ने २५ वर्षीय आशिष पौडेललाई आइतबार बिहान प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय जमुनाहबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

१२ केजी चरेश बरामद

पर्सा । कालिकामाई गाउँपालिका-१ तिनदुबियाबाट करिब १२ केजी अवैध लागूऔषध चरेश आइतबार बिहान प्रहरीले बरामद गरेको छ । ईलाका प्रहरी कार्यालय कालिकामाईबाट खटिएको गस्ती टोलीलाई देख्नासाथ अपरिचित व्यक्तिहरुले साथमा रहेको बोरा छाडी भागेपछि प्रहरीले बोरा जाँच गर्दा उक्त परिमाणको लागूऔषध फेला पारी बरामद गरेको हो । हाल फरार व्यक्तिहरुको प्रहरीले खोजी गरिरहेको छ ।

आगलागीमा ८ क्वीन्टल गहुँ नष्ट

कपिलवस्तु । कपिलवस्तु नगरपालिका-२ रम्ताला बस्ने श्रीपथ धोबीको खेतमा लु.२ त ५१९१ नम्बरको कम्पाईन मेसिनले गँहु काट्ने क्रममा आगलागी भएको छ । उक्त मेसिनको तार सर्ट भई शनिबार दिउँसो आगलागी हुँदा मेसिन तथा ८ क्वीन्टल गँहु समेत जलेर करिब ८ लाख २५ हजार रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ । स्थानीय बासिन्दा तथा दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा स्थानीय प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

ब्राउनसुगरसहित दुई जना पक्राउ

कैलाली । गोदावरी नगरपालिका-२ उत्तर बनखेतबाट करिब ४ ग्राम ७ सय मिलिग्राम अवैध लागूऔषध ब्राउन सुगर सहित २ जनालाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने २६ वर्षीय हेमन्त खत्री र २८ वर्षीय तोया नाथ रहेका छन् । हेमन्तको घरमा लागूऔषधको कारोवार भइरहेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय मालाखेतीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

करेन्ट लागेर युवकको मृत्यु

मोरङ । सुन्दरहरैचा नगरपालिका-७ गोठगाउँ बस्ने पर्शुराम राईको घरमा वाईरिङ गर्ने क्रममा करेन्ट लागेर सोही ठाउँ बस्ने २६ वर्षीय बिनोद घिमिरेको आइतबार दिउँसो मृत्यु भएको छ । करेन्ट लागेर गम्भीर घाइते भएका उनको बिराटनगर नोबेल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो ।

श्रीमतीको हत्या अभियोगमा पक्राउ

बाँके । आफ्नै ३२ वर्षीया श्रीमती लक्ष्मी बिसीको कुटपिट गरी हत्या गरेको अभियोगमा बैजनाथ गाउँपालिका-३ उत्तरलधौरा बस्ने ४२ वर्षीय चक्र बहादुर बुढालाई प्रहरीले पक्राउ गरेको छ । चक्र बहादुरले घरायसी विवाद कारण लक्ष्मीलाई कुटपिट गर्दा गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरीले कुटपिटमा संलग्न उनलाई सोमबार साँझ पक्राउ गरेको हो । कुटपिटबाट गम्भीर घाइते भएकी लक्ष्मीको मेडिकल कलेज कोहलपुरमा उपचारको क्रममा मृत्यु भएको हो ।

करेन्ट लागेर एकको मृत्यु

रुपन्देही । बुटवल उपमहानगरपालिका-१० स्थित ग्लोबल पाईप उद्योगमा काम गर्ने मोरङ उर्लाबारी नगरपालिका-३ बस्ने ४२ वर्षीय नारायण ढकालको करेन्ट लागेर मृत्यु भएको छ । उक्त उद्योगमा काम गर्ने क्रममा करेन्ट लाग्दा गम्भीर घाइते भएका उनको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा सोमबार साँझ मृत्यु भएको हो ।

पूर्वी नाका सिल

झापा । भारतको पश्चिम बङ्गालमा हुने निर्वाचनका लागि पूर्वी नाका ७२ घण्टा लागि बिहीबार बिहान देखि सिल गरिएको छ । पश्चिम बङ्गालमा वैशाख ४ गते हुने राज्यसभाको निर्वाचनलाई मध्यनजर गरि काँकडभिट्टा र भद्रपुर नाका सिल गरिएको हो । प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिम्सिनाले बिहीबार बिहानदेखि वैशाख ४ गते बेलुका ६ बजेसम्मका लागि सीमा नाका सिल गरिएको जानकारी दिए । उनका अनुसार सो समयमा यातायात तथा मानिसलाई आवतजावत गर्न पूर्ण रोक लगाइएको छ ।

१० केजी गाँजासहित दुई जना पक्राउ

रौतहट । कटहरिया नगरपालिका-२ बस्ने २३ वर्षीय शेख सैदुला हाक र सोही ठाउँ बस्ने १८ वर्षीय किशोरलाई करिब १० केजी अवैध लागूऔषध गाँजा सहित मंगलबार राति प्रहरीले पक्राउ गरेको छ । अस्थायी प्रहरी पोष्ट छेदीचोकबाट खटिएको प्रहरीले उनीहरुलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

ट्रकको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

कपिलवस्तु । बाणगंगा नगरपालिका-८ चपरगाँउस्थित सडकमा ना.४ ख ६२१७ नम्बरको ट्रकले लु.५९ प ६४४१ नम्बरको मोटरसाइकललाई मंगलबार बेलुका ठक्कर दिँदा मोटरसाइकल चालक बुद्धभूमि नगरपालिका-४ बस्ने ३५ वर्षीय नन्द राम पौडेलको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको सामुदायिक अस्पताल जितपुर कपिलवस्तुमा उपचारको क्रममा मृत्यु भएको हो । हाल फरार ट्रक चालकको प्रहरीले खोजी गरिरहेको छ ।

विजयादशमी, शुभ दीपावली, छट-२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई-दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विक्रम यादव

अध्यक्ष, चक्रघाटा गाउँपालिका, सर्लाही, प्रदेश २

विजयादशमी, शुभ दीपावली, छट-२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई-दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राजीव रंजन यादव

मेयर, बौधीमाई नगरपालिका, रौतहट, प्रदेश २

नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरु :

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

नववर्ष २०७८ को पावन अवसरमा सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धिको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अजय गुप्ता

मेयर

गौर नगरपालिका

रौतहट, प्रदेश २

नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरु :

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

नववर्ष २०७८ को पावन अवसरमा सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धिको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

रामज्ञान मण्डल

मेयर

हंसपुर नगरपालिका

धनुषा, प्रदेश २

नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरु :

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

नववर्ष २०७८ को पावन अवसरमा सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धिको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विक्रम चौधरी

अध्यक्ष

पिपरा गाउँपालिका

महोत्तरी, प्रदेश २

नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरू :

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

लालकिशोर साह

नगरप्रमुख

जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २

नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरू :

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

हरिप्रसाद मण्डल

नगरप्रमुख

मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २

विश्व परिवेश

आतंकवादविरुद्ध लड्न अन्तर्राष्ट्रिय सहयोगको आह्वान

काठमाडौं । भारत र मालदिभ्सले सीमा आतङ्कवाद विरुद्ध निरन्तर लड्न अन्तर्राष्ट्रिय सहयोगको आह्वान गरेको छ । हिंस्रक आतङ्कवाद र विद्रोहवादको विरुद्धको संयुक्त कार्य समूहको पहिलो बैठकपछि जारी गरेको संयुक्त प्रेस विज्ञप्तिमा उनीहरूले यस्तो आव्हान गरेका हुन् ।

कार्यक्रमको भारतीय पक्षको नेतृत्व सचिव (पश्चिम), विदेश मन्त्रालय, विकास स्वरूप र मालदिभ्स पक्षको नेतृत्व विदेश सचिव अब्दुल गफूर मोहम्मदले गरेका थिए ।

उनीहरूले कुनै पनि देशले तत्काल, दिगो, सत्यापित र अपरिवर्तनीय कारबाही गर्नु आवश्यक छ भन्ने कुरामा जोड दिए । उनीहरूको नियन्त्रणमा रहेको कुनै पनि क्षेत्र अरूमाथि हुने आतङ्ककारी हमलाको लागि प्रयोगमा ल्याउन नहुने तथा त्यस्तै आक्रमणका पीडकहरूलाई छिटो न्याय दिलाउन पर्ने मा पनि जोड दिए । दुवै पक्षले संयुक्त राष्ट्र सङ्घीय प्रतिबन्ध अन्तर्गत रहेका आतङ्कवादी संस्थाहरूले निरन्तर खतराहरू सम्बोधन गरेको समीक्षा गरे र सबै आतङ्कवादी नेटवर्कहरू विरुद्ध ठोस कारबाही गर्नुपर्नेमा जोड दिए ।

२०१९ जुनमा मालदिभ्समा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको राज्य भ्रमणको क्रममा जारी संयुक्त बयानको सन्दर्भमा, दुवै पक्षले आतङ्कवाद, हिंस्रक अतिवादीले यस क्षेत्रको शान्ति र सुरक्षामा पार्ने खतराहरू सम्बन्धी सम्बोधन गरेका थिए ।

दुवै पक्षले कट्टरपन्थीकरण र हिंस्रक उग्रवादको प्रतिरोध गर्ने, आतङ्कवादको आर्थिक सहयोगको विरोध गर्ने, आतङ्कवाद र हिंस्रक अतिवादीको लागि इन्टरनेटको दुरुपयोग रोक्न, सूचना बाँडफाँड, क्षमता अभिवृद्धि र संस्थागत पुलिस, सुरक्षा बलहरू, भन्सार, अध्यागमन र अन्य सम्बन्धित एजेन्सीहरूका बिच सम्बन्ध स्थापना जस्ता सहयोगका विभिन्न क्षेत्रहरूमा पनि विचार विमर्श गरेका छन् ।

दुवै पक्षले सुरक्षा र कानुन प्रवर्तन एजेन्सीहरू र मालदिभ्सका अन्य सम्बन्धित एजेन्सीहरूको लागि सहयोग र क्षमता अभिवृद्धि गर्ने साथै आतङ्कवादको रोकथाम र हिंसा रोक्नको लागि उत्तम अभ्यासको आदानप्रदान गर्ने र सहयोगलाई अझ मजबुत बनाउन सहमति जनाए । दुवै पक्षले बहुपक्षीय क्षेत्रमा सहयोगका बारे पनि छलफल गरे ।

माल्दिभ्स प्रतिनिधिमण्डलले नयाँ दिल्लीमा बस्दा राष्ट्रिय सुरक्षा गार्ड र पुलिस अनुसन्धान तथा विकास ब्युरोको तालिम केन्द्रहरूको पनि भ्रमण गर्नेछन् ।

भारतद्वारा रूसी खोप स्पुतनिक भीलाई अनुमति

नयाँदिल्ली । भारतले कोभिड-१९ विरुद्धको रुसी खोप स्पुतनिक भी लाई आपतकालीन प्रयोगका लागि अनुमति दिएको छ । कोभिड सङ्क्रमितको संख्या तिब्र गतिमा बढेसँगै भारतले खोप अभियानलाई गति दिन रुसी खोपलाई अनुमति दिएको खोप उत्पादक कम्पनीले जनाएको छ । भारतमा रुसी खोप उत्पादन र वितरणको जिम्मेवारी लिएको डा रेड्डीज ल्याबोरेटोरिजका सहअध्यक्ष एवं व्यवस्थापन निर्देशक जी.भी. प्रसादले जारी गरेको विज्ञप्तिमा भारतमा स्पुतनिक भी खोपलाई आपतकालीन प्रयोगका लागि अनुमति प्राप्त गरेकामा निकै खुशी लागेको उल्लेख छ ।

भारतमा हाल सेरम इन्स्टिच्यूटले उत्पादन गरेको अस्ट्राजेनिकाको कोभिसिल्ड र भारत बायोटेकको कोरोनाभ्याकलाई अनुमति दिइएको छ । भारतमा हाल दैनिक कोभिड सङ्क्रमितको संख्या एक लाख बढी छ । रसियन डाइरेक्ट इन्भस्टमेन्ट फन्ड (आरडिआइएफ) को आर्थिक सहयोगमा विकास गरिएको स्पुतनिक भी लाई भारतमा उत्पादन अनुमति दिइएको छ । भारतमा यो खोप ८५ करोड २० लाख डोज उत्पादन हुनेछ । आरडिआइएफका प्रमुख कार्यकारी किरिल डिभिट्रिभले पनि एक विज्ञप्ति प्रकाशन गरी स्पुतनिक खोपलाई भारतमा अनुमति प्राप्त हुनु ज्यादै खुशीको कुरा हो भनेका छन् । भारतमा हालसम्म करिब एक करोड ८ लाख मानिसलाई खोप दिइसकिएको छ । भारत विश्वकै ठूलो खोप उत्पादक राष्ट्र हो ।

जुलाईको अन्त्यसम्ममा करिब ३० करोड मानिसलाई खोप दिइसक्ने भारतको महत्वाकाँक्षी योजना छ । तर खोपको कमीले भारतका केही राज्यमा समस्या उत्पन्न भएको छ । भारतले हाल खोप निर्यातमा ढिलाई गरेर आफ्नै देशमा खोप वितरणलाई तिब्रता दिएको छ ।

महाराष्ट्रमा १५ दिनका लागि कर्फ्यू

काठमाडौँ । भारतको महाराष्ट्रमा बुधवारदेखि कर्फ्यू जारी गरिएको छ । कोरोना संक्रमणको दर बढ्दै गएपछि आजदेखि लागूहुने गरि १५ दिनका लागि कर्फ्यू लगाईएको महाराष्ट्रका मुख्यमन्त्री उद्धव ठाकरेले बताएका छन् । मुख्यमन्त्री ठाकरेले महाराष्ट्रमा दैनिक १५ हजार भन्दा बढी कोराना संक्रमित थपिएपछि कर्फ्यु जारी गर्न बाध्य भएको बताए । कर्फ्यू अन्तर्गत राति ८ बजेदेखि बिहान ६ बजेसम्म सम्पूर्ण व्यापार व्यवसाय र भीडभाडयुक्त क्षेत्र बन्द रहने भारतीय सञ्चारमाध्यमहरुले जनाएका छन् । महाराष्ट्रका सम्पूर्ण शैक्षिक संस्थाहरु १५ दिनका लागि बन्द रहनेछन् ।

अस्पताल, खाद्यान्न पसल, बैंक तथा वित्तिय संस्था लगायतका अत्यावश्क सेवाहरुहरु भने खुला रहने जनाइएको छ । पछिल्लो समय भारत कोरोनाको हटस्पट बन्दै गएको छ । त्यहाँ दैनिक एक लाख भन्दा बढी संक्रमित भेटिन थालेका छन् । भारतमा पछिल्लो २४ घण्टामा १ लाख ८५ हजार भन्दा बढी नयाँ संक्रमित भेटिएका छन् ।

नियुक्ति पाएको एक वर्षमा पनि शहीद परिवारले पाएनन् जागिर

जनकपुरधाम । मधेश आन्दोलनका सहिद परिवारलाई जागिर दिने भन्दै प्रदेश २ सरकारले गत जेठमा नियुक्ति पत्र दिएको झन्डै एक वर्ष हुन लाग्दा पनि २५ परिवारले जागिर पाउन सकेका छैनन् । मधेश आन्दोलनको जगमा निर्माण भएको प्रदेश सरकारले जागिरको नाममा सहिद परिवारलाई उपेक्षित गर्दै आएको उनीहरूको आरोप छ । प्रदेश सरकारले गत १५ जेठमा मधेश आन्दोलनका ५३ सहिद परिवारलाई योग्यताअनुसार सरकारी जागिर दिने भनेर नियुक्ति पत्र दिएको थियो । तर ११ महिना भइसक्दा पनि धेरैले अहिलेसम्म जागिर पाउन नसकेको सहिद परिवार तथा घाइते हकहित संघर्ष समितिका अध्यक्ष रामनरेश रायले बताए । 'अहिलेसम्म २८ सहिद परिवारले मात्रै जागिर पाएका छन्,' उनले भने, '२५ सहिद परिवारलाई अझै जागिरको व्यवस्था गरिएको छैन ।'

प्रदेश सरकारले भौतिक मन्त्रालयमा १५, सामाजिक विकासमा १३, उद्योग, पर्यटन, वन तथा वातावरणमा १४, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा १० र मुख्य न्यायाधिवक्ता कार्यालयमा एकजनालाई जागिर लगाइदिने भन्दै नियुक्ति पत्र दिएको थियो । तर, अहिलेसम्म भौतिक पूर्वाधार विकास मन्त्रालय र सो मन्त्रालयअन्तर्गतका कार्यालयमा १० जना, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा सात, सामाजिक विकास मन्त्रालयमा चार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा दुई, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मुख्य न्यायाधिवक्ताको कार्यालय, राजविराज तालिम केन्द्रमा एक-एकजना गरी २८ जनालाई मात्र जागिर दिएको छ । तीमध्ये २६ जनाले कार्यालय सहयोगीको जागिर दिएको भन्दै समितिका अध्यक्ष रायले आपत्ति जनाए । सिराहाका सहिद रमेश महतोकी भाउजू अनिता महतोलाई मुख्यमन्त्री कार्यालयमा कम्प्युटर अपरेटर र बाराका सहिद शेख अब्दुल अन्सारीकी पत्नी शोभा राजवंशीले कलैयाको अस्पतालमा अनमिको जागिर पाएका छन् । त्यसबाहेक २६ जना कार्यालय सहयोगीकै रूपमा कार्यरत रहेको रायले बताए । 'एकातिर प्रदेश सरकारले सहिद परिवारलाई मञ्चमा बोलाएर सम्मान दिन्छ,' उनले प्रश्न गरे, 'अर्कोतिर प्रदेश सरकारले त्यही सहिद परिवारलाई कार्यालयको सरसफाइमा खटाउँछ, यो सहिद परिवारको अपमान हो,' उनले भने ।

उनले शैक्षिक योग्यताका अधारमा सहिद परिवारलाई जागिर दिनुपर्ने बताए । प्रदेश सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्र यादवले भने शैक्षिक योग्यताकै अधारमा सहिद परिवारलाई जागिर दिने प्रदेश सरकारको चाहना रहे पनि कानुनी बाध्यता र प्राविधिक समस्याका कारण तत्काल कार्यालय सहयोगीमा व्यवस्थापन गरिएको बताए ।

नियुक्ति पत्रबमोजिम जागिर दिन पटक-पटक माग गर्दा पनि सुनुवाइ नभएपछि गत २७ मंसिरमा मुख्यमन्त्री लालबाबु राउतसमक्ष उनीहरूले १४ बुँदे मागसहित ज्ञापनपत्र बुझाएका थिए । 'नियुक्ति पत्रअनुसार जागिर दिलाइदिन भनेर प्रदेश प्रमुखदेखि मन्त्री तथा विभिन्न पार्टीका नेताको ध्यानकर्षण गराएँ,' रायले भने, 'तर कुनै सुनुवाइ नभएपछि बाध्य भएर आन्दोलनका कार्यक्रम घोषणा गरेका छौं ।' पछिल्लो समय सहिद परिवार तथा घाइते हकहित संघर्ष समितिले धर्ना तथा विरोध प्रदर्शनका कार्यक्रम गर्दै आएको छ/ । समितिले मधेश भवनमा पनि विरोध प्रदर्शन गरेको थियो । नियुक्ति पत्र पाएकालाई जागिर, सहिद तथा घाइते परिवारलाई राष्ट्रिय परिचय पत्रको व्यवस्था, सहिद परिवारका बालबालिकालाई उच्च शिक्षासम्म निःशुल्क शिक्षा, जनता आवास कार्यक्रमअन्तर्गत सुकुम्बासी सहिद परिवारलाई घरको व्यवस्था र आन्दोलनका क्रममा शीर्षनेताले घोषणा गरेको ५० लाख रुपैयाँ दिने घोषणा कार्यान्वयनलगायत माग अघि सारेका छन् ।

स्वास्थ्य नै ठूलो धन हो ।

कोभिड-१९ को संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं;

जनस्वास्थ्य सुरक्षाका मापदण्ड तथा प्रोटोकलहरु अनिवार्य रुपमा पालना गरौं ।

- अत्यावश्यक काम बाहेक अन्तर्राष्ट्रिय सीमा, सीमावर्ती क्षेत्र, अन्तरजिल्ला र जिल्ला भित्रका कोभिड -१९ संक्रमणको उच्च जोखिम भएको क्षेत्रमा आवात जावत नगरौं ।
- अत्यावश्यकीय कामका लागि त्यस्ता क्षेत्रहरुमा आवतजावत गर्दा अनिवार्य रुपमा मास्क लगाऔं ।
- अनावश्यक भिडभाड नगरी, भौतिक दूरी कायम गरौं ।
- सरकारले गरेको अनुरोध पालना नगर्नेलाई प्रचलित कानून बमोजिम तत्काल कारवाही गर्न सक्ने भएकाले सबैले सरकारको अनुरोधको पालना गरौं ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

देश बचाउने पालो अब हाम्रो : पूर्वराजा

काठमाडौं । पूर्वराजा ज्ञानेन्द्र शाहले आपसी भाँडभैलो र अनमेल अन्त्य हुनुपर्ने बताएका छन् । निषेध र प्रतिशोधको चक्रव्युहबाट बाहिर आउन र एकता कायम गर्नु अहिलेको आवश्यकता रहेको शाहले बताएका छन् ।

भारत भ्रमणमा रहेका पूर्वराजा ज्ञानेन्द्रले नयाँ वर्ष २०७८ को शुभकामना सन्देश दिँदै भनेका छन्, 'टाठाबाठा मात्र सुखी सम्पन्न सुविधाभोगी हुँदै जाने, अरु निमुखा सर्वसाधारणको जीवनस्तर कहिल्यै नउठ्नेखालको गतिविधि र पद्धति पनि त्याग्नैपर्ने हुन्छ ।'

पितापूर्खाहरुले निर्माण गरेको नेपालको साझा फूलबारीलाई सबैले एकतावद्ध भएर जोगाउने पूर्व पूर्वराजाले बताएका छन् । उनले अब मेची महाकाली र देश बचाउने हाम्रो पालो आएको बताएका छन् ।

जिल्ला समाचार

सवारी दुर्घटनामा तीन जनाको मृत्यु

रुपन्देही । जिल्लामा छुट्टाछुट्टै स्थानमा भएको सवारी दुर्घटनामा परी तीन जनाको मृत्यु भएको छ । गैडहवा गाउँपालिका-५ चेलेन्डिहवा चोकस्थित सडकमा लु.७१ प ४१५८ नम्बरको मोटरसाइकल र लु.५० प १२७७ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई शुक्रबार दिउँसो दुर्घटना हुँदा लु.७१ प ४१५८ नम्बरको मोटरसाइकल चालक लुम्बिनी साँस्कृतिक नगरपालिका-९ पिपरा बस्ने २२ बर्षीय साहिर खानको मृत्यु भएको छ । दुर्घटनामा परी घाइते भएका उनको मेडिकल कलेज भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका दुवै मोटरसाइकलमा सवार ३ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । यसैगरी रुपन्देही, सैनामैना नगरपालिका-६ कलौनीस्थित सडकमा ना.६ ख ९४१ नम्बरको बसले लु.२४ प ९७६८ नम्बरको मोटरसाइकललाई आइतबार बिहान ठक्कर दिँदा मोटरसाइकलमा सवार २ जनाको मृत्यु भएको छ । मृत्यु हुनेहरुमा मोटरसाइकल चालक प्यूठान झिम्रुक गाउँपालिका-१ सौतामारे बस्ने २१ वर्षीय संजय खनाल र मोटरसाइकलमा सवार सोही गाउँपालिका-२ बाँदीकोट बस्ने २१ वर्षीय फिरज क्षेत्री रहेका छन् । दुर्घटनामा गम्भीर घाइते भएका उनीहरुको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो । बस र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

माओवादीका चार सांसद पदमुक्त

जनकपुरधाम । एमाले प्रवेश गरेका नेकपा (माओवादी केन्द्र) प्रदेश २ का चारजना सांसद पदमुक्त भएका छन् । माओवादी केन्द्रले आफ्ना चारजना सांसद ओली नेतृत्वको नेकपा एमालेमा गएपछि कारवाहीको लागि प्रदेशसभामा सिफारिस गरेकोमा सभामुख सरोज यादवले उनीहरुलाई पदमुक्त गरेका हुन् । उनले प्रदेशसभा बैठकमा पत्र पढेसँगै चारजना सांसद पदमुक्त भएका हुन् । माओवादी केन्द्रले प्रदेशसभा सदस्यहरु रामचन्द्र मण्डल, कुन्दनप्रसाद कुश्वाहा, ज्वाला साह र मोहम्मद समिरलाई पदमुक्त गर्न सिफारिस गरेको थियो । नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीचको एकता सर्वोच्च अदालतले खारेज गरेपछि माओवादी केन्द्रका चारजना सांसद एमालेको राजनीतिक गतिविधिमा सामेल भइ उक्त पार्टीको जिम्मेवारी स्वीकार गरेको र पार्टीको विधान विपरित गएकोले राजनीतिक दल सम्बन्धी ऐन २०७३ को दफा ३१ र ३२ (१) ख बमोजिम पार्टीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले चारैजनालाई कारवाही गरिएको सभामुख समक्ष पठाइएको पत्रमा उल्लेख गरिएको छ । चारजना सांसद नेकपा एमालेमा लागेपछि पार्टीको केन्द्रीय समितिले स्पष्टीकरण सोधेको थियो । २४ घण्टाभित्र स्पष्टीकरण दिन भनिए पनि उनीहरुले नदिएपछि उनीहरुलाई पदमुक्त गर्न सिफारिस गरिएको थियो । माओवादी केन्द्रको प्रदेशसभामा प्रतिनिधित्व गर्ने ११ जना प्रदेशसभा सदस्यहरु थिए । जसमा चारजना कारवाहीमा परेसँगै अब यस पार्टीको प्रदेश २ मा ७ जना सांसद रहेका छन् ।

४२ लाखको सामानसहित ट्रक पक्राउ

वीरगञ्ज । भन्सार छलेर ल्याइएको ४२ लाख मूल्य बराबरको कस्मेटिक, हार्डवेयर र किराना सामानसहितको ट्रक प्रहरीले नियन्त्रणमा लिएको छ । प्रहरीले वीरगञ्ज महानगरपालिका-१४ गण्डकबाट ना ३ ख ७२१० नम्बरको मालबाहक ट्रक नियन्त्रणमा लिएको हो । नियन्त्रणमा लिइएको ट्रकभित्र राजश्व छली गरी ल्याइएको ४२ लाख रुपैयाँ बराबरको सामान बरामद गरिएको प्रहरीले जनाएको छ । पशुपति रोड कैरियर्सको उक्त माल वाहक ट्रकमा नक्कली बिल बिजक बनाइ सामान लैजाँदै गरेको भन्ने सूचनाको आधारमा सो परिमाणको सामन बरामद गरिएको पर्साका प्रहरी प्रवक्ता ओम प्रकाश खनालले जानकारी दिए । उक्त सामानसहितको ट्रक तथा चालक बारा जितपुर सिमरा उपमहानगपालिका-७ बस्ने २८ वर्षीय सुरज सिंहलाई पनि पक्राउ गरिएको खनालले बताए । ट्रकसहित सामान र चालकलाई आवश्यक कारवाहीको लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारामा पठाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

लुम्बिनी प्रदेशमा पनि जसपा निर्णायक

रुपन्देही । लुम्बिनी प्रदेशका मुख्मन्त्री शंकर पोखरेलविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गर्न विपक्षी दलहरु आन्तरिक छलफलमा जुटेका छन् । नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र जनता समाजवादी पार्टी (जसपा)बीच मुख्यमन्त्रीविरुद्ध अविश्वासको प्रस्ताव ल्याउने विषयमा छलफल भइरहे पनि निष्कर्षमा पुगिनसकेको माओवादी केन्द्रका सचेतक तुलराम घर्तीले बताए । केन्द्रमा जस्तै लुम्बिनी प्रदेशमा पनि माओवादीले सरकारलाई दिएको समर्थन फिर्ता लिएको छैन । जसपाले निर्णय नगर्दा पनि अविश्वासको प्रस्ताव लैजाने विषयमा टुंगोमा पुग्न नसकेको उनले बताए । जसपा अहिले तानातानमा रहेको उनको भनाइ छ । नेताहरुकाअनुसार मुख्यमन्त्री पोखरेल पनि जसपाका नेताहरुलाई आफनो पक्षमा तानिरहेका छन् भने काँग्रेस र माओवादी केन्द्रले पनि जसपासँग सहकार्यको लागि छलफल अगाडि बढाएका छन् । एक सांसदकाअनुसार जसपाले औपचारिक निर्णय नगर्दासम्म अविश्वासको प्रस्ताव दर्ता हुने सम्भावना छैन । लुम्बिनी प्रदेशमा नेकपा (एमाले)का ४१, माओवादी केन्द्रका २०, कांग्रेसका १९ जसपाका ६ र राष्ट्रिय जनमोर्चाका एक गरी ८७ सदस्य छन् । तर, माओवादी केन्द्रले दल त्याग गरेका दुई सांसद रूपन्देहीका दधिराम न्यौपाने र गुल्मीका दिनेश पन्थीलाई कारबाही गरिसकेको छ । यसअनुसार अब माओवादीसँग १८ सांसद छन् । उनीहरुको सांसद पद गुमेपछि लुम्बिनी प्रदेशसभा ८५ सदस्यीय भएको छ । माओवादी, कांग्रेस र जसपा मिल्दा ४३ मत हुनेछ । जनमोर्चाले पनि अविश्वासको प्रस्तावमा हस्ताक्षर गर्ने जनाइसकेको छ ।

एक साताका लागि विद्यालय बन्द

नेपालगञ्ज । कोरोना भाइरस सङ्क्रमण बढेपछि नेपालगञ्ज उपमहानगरपालिकामा शुक्रबारदेखि शैक्षिक संस्था बन्द हुने भएका छन् । नेपालगञ्ज उपमहानगरपालिका विपद् व्यवस्थापन समितिको बिहीबार बसेको बैठकले नेपालगञ्जमा पछिल्लो समय कोभिड सङ्क्रमण उच्चगतिमा बढेपछि उपमहानगरपालिकाभित्रका सम्पूर्ण शैक्षिक संस्था एक साताका लागि बन्द गर्ने निर्णय गरेको उपप्रमुख उमा थापामगरले जानकारी दिए । नगरप्रमुख डा धवलशम्शेर राणाको अध्यक्षतामा बसेको बैठकले जिल्लाभरका सम्पूर्ण शैक्षिक संस्था बन्दका लागि जिल्ला सङ्कट व्यवस्थापन केन्द्रको बैठकमा प्रस्ताव लैजाने निर्णय गरेको छ । बैठकले भारतबाट आउनेहरूको सीमानाका जमुनाहमा स्वास्थ्य परीक्षण तथा एन्टिजेन परीक्षणका लागि थप कडाइ गर्ने निर्णय गरेको छ । मास्क अनिवार्य लगाउनेलगायत स्वास्थ्य मापदण्ड पालना गर्न अनुरोध गर्दै बैठकले बजार अनुगमनलाई पनि कडाइ गर्ने निर्णय भएको छ । मास्क नलगाई कारोबार गर्ने पसल व्यवसाय कम्तीमा एक साताका लागि बन्द गर्ने निर्णय समितिको छ । घरबाहिर मास्क नलगाई आवागमन गर्नेलाई कारवाही गर्न बैठकले माग गरेको छ ।

घरघरमै खानेपानी

सिरहा । वर्षौंदेखि झण्डै दुई किलोमिटर टाढाबाट खानेपानी ल्याउनुपर्ने बाध्यता रहँदै आएको सिरहाको उत्तरवर्ती क्षेत्र धनगढीमाई नगरपालिका १४ अम्बासका स्थानीयलाई घरघरमै खानेपानीको धारा आएपछि स्थानीय खुशी भएका छन् । धनगढीमाई नगरपालिका, लिवर्ट संस्था र स्थानीयको साझेदारीमा निर्माण भएको अम्बास सिंचाई तथा खानेपानी आयोजनाको उद्घाटन भएर घरघरमै जडित खानेपानीको धारामा पानी आएपछि स्थानीय खुसी भएका हुन् । खानेपानी आयोजनाको उद्घटन गर्दै धनगढीमाई नगरपालिका प्रमुख हरिनारायण चौधरीले सम्पन्न खानेपानी आयोजनालाई सबैले अपनत्व हुने गरी पानी खान आग्रह गरे । खानेपानीको शुद्धताको बारेमा सबैले सचेत ढंगले अगाडि बढ्न आग्रह गर्दै नगरप्रमुख चौधरीले दीर्घकालीन रुपमा खानेपानीलाई टिकाउन सबैको सहयोग अपरिहार्य रहेको बताए । भौगोलिक रुपमा कठिनाई रहेको उक्त क्षेत्रका २२ घर परिवारका लागि नगरपालिकाको ७ लाख १९ हजार, लिबर्ड संस्थाको ३ लाख ८० हजार र करिब ५ लाख स्थानीय जनश्रमदान गरी झण्डै १५ लाख ८८ हजार ६५५ रुपैयाँ लगानीमा खानेपानी योजनाको काम सम्पन्न भएको हो । १४ हजार लिटर अट्ने खानेपानी ट्यांकी निर्माणले त्यस वरपरका २२ घर परिवारलाई घरघरमै जडित धाराबाट खानेपानी उपलब्ध हुनेछ ।

अम्बेडकर जयन्ती मनाइयो

काठमाडौं । भारतीय स्वतन्त्रताको ७५औं वर्षमा हाल सन्चालन भइरहेको 'India@75'नामक कार्यक्रमकै एक हिस्साको रुपमा काठमाडौंस्थित भारतीय राजदूतावास तथा काठमाडौं विश्वविद्यालयले अम्बेडकर जयन्ती मनाएको छ ।

साथै आजको वैश्विक परिवेशमा बाबा साहेब भीम राव अम्बेडकरको सान्दर्भिकता बारे छलफल कार्यक्रमको आयोजना गरिएको थियो ।

उक्त कार्यक्रममा विश्वविद्यालयका उपकुलपति डा. भोला थापा, स्कुल अफ लका डिन डा.ऋषिकेश वाग्ले, काठमाडौं विश्वविद्यालयका प्राध्यापक डा.उद्धव प्याकुरेल, भारतीय राजदूतावासका प्रेस, सूचना तथा संस्कृति प्रभागका प्रथम सचिव नवीन कुमार तथा प्राध्यापक डा. केदारनाथ शर्माको उपस्थिति थियो ।

सो कार्यक्रममा काठमाडौं विश्वविद्यालयका विद्यार्थीहरुले पनि सहभागिता जनाएका थिए ।

उक्त कार्यक्रममा विश्वविद्यालयका उपकुलपति डा. भोला थापाले आधुनिक भारतको निर्माणमा बाबा साहेब भीम राव अम्बेडकरको भूमिका तथा समाजका सीमान्तकृत वर्गको सामाजिक उत्थानमा उहाँको योगदान बारे प्रकाश पारेका थिए ।

भारतीय राजदूतावासका प्रेस, सूचना तथा संस्कृति प्रभागका प्रथम सचिव नवीन कुमारले विद्यार्थीहरुलाई 'बाबा साहेब' का विचारधारालाई अनुसरण गर्न प्रेरित गरेका थिए ।

त्यस्तै डा.ऋषिकेश वाग्लले आधुनिक भारतको निर्माणमा र भारतको राजनीतिक तथा सामाजिक–आर्थिक रुपान्तरणमा भारतको संविधानको भूमिका बारे चर्चा गर्दै यसमा डा. अम्बेडकरको विशेष भूमिका बारे सबैलाई जानकारी गराएका थिए ।

कार्यक्रममा स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रका निर्देशक डा. केदारनाथ शर्मा र स्कुल अफ आर्ट्सका डिन प्राध्यापक डा. सागरराज शर्माले पनि भारतीय समाजको रुपान्तरणमा डा. अम्बेडकरको भूमिका बारे चर्चा गरेका थिए ।

सोही अवसरमा बाबा साहेब अम्बेडकरको जीवनीमा आधारित 'मूक नायक' नामक वृत्तचित्र पनि देखाइएको थियो ।

भारतबाट विद्युत् खरिद गर्न विद्युत प्राधिकरणलाई स्वीकृति

काठमाडौं । नेपाल विद्युत प्राधिकरणले भारतीय ऊर्जा बजारबाट विद्युत खरिद गरी आयात गर्न स्वीकृति पाएको छ । भारतको ऊर्जा मन्त्रालयले ऊर्जा एक्सचेन्ज मार्केटबाट विद्युत खरिद गरी आयात गर्न सक्ने गरी स्वीकृति दिइएको जानकारी प्राधिकरणलाई दिएको छ । अब प्राधिकरण भारतीय पावर एक्सचेन्ज मार्केटको सदस्य बनेकाले यो नेपालको ऊर्जा विकासको लागि एउटा महत्वपूर्ण कोशेढुंगा भएको प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले बताए । 'कसैको हस्तक्षेपविना बजारले निर्धारण गरेको प्रतिस्पर्धी दरमा आवश्यकताअनुसार विद्युत खरिद गरी आयात गर्न सकिने भएकाले दुई मुलुकबीचको विद्युत व्यापारका लागि यसको ऐतिहासिक महत्व रहेको छ', शाक्यले भने । 'ऊर्जा एक्सचेन्ज मार्केटमा नेपालले पहुँच पाएकाले भारत हुँदै बंगलादेशसम्मको विद्युत व्यापारका लागि अर्को स्टेपसमेत खुल्ला भएको छ ।'

प्राधिकरणले नेपालमा खपत गरेर बढी भएको विद्युत बिक्रीको स्वीकृतिका लागि भारतमा प्रस्ताव पठाएको छ । प्राधिकरणले पहिलो चरणमा ४५६ मेगावाटको माथिल्लो तामाकोसी र ४५ मेगावाटको भोटेकोसी आयोजनाको बिद्युत बर्षाको समयमा बिक्रीका लागि भारतसमक्ष प्रस्ताव गरिएको कार्यकारी निर्देशक शाक्यले बताए । भारतीय ऊर्जा बजारबाट विद्युत खरिद गर्न स्वीकृति पाएकाले तत्काल करिव ३० मेगावाट खरिदको प्रक्रिया अगाडि बढाइएको छ ।

प्राधिकरणले अहिलेसम्म एनटिपिसी विद्युत निगम लिमिटेड(एनभीभीएन), पावर ट्रेड कम्पनी (पिटिसी) र बिहार, उत्तर प्रदेश र उत्तराखण्ड राज्य सरकारका वितरण कम्पनीहरुसँग विद्युत खरिद गर्दै आएको छ । अब भारतीय बजारबाट सोझै आवश्यकताअनुसार विद्युत खरिद गरी आयात गर्न सकिने शाक्यले बताए । विद्युतको माग बढेको तर आन्तरिक उत्पादन घटेका कारण आपूर्तिका लागि भारतबाट थप विद्युत आयात गर्नु पर्ने वाध्यात्मक अवस्था सिर्जना भएको कार्यकारी निर्देशक शाक्यले प्रष्ट पारे । प्राधिकरणले अहिले सबैभन्दा धेरै ढल्केबर-मुजफ्फपुर प्रसारण लाइनमार्फत विद्युत आयात गरिरहेको छ । प्राधिकरण र भारतीय कम्पनी एनटिपिसी विद्युत निगम लिमिटेड(एनभीभीएन)बीच ढल्केबर-मुजफ्फपुर प्रसारण लाइनमार्फत जुलाई-नोभेम्बरमा २५० मेगावाटसम्म, डिसेम्बर-अप्रिलमा ३५० मेगावाटसम्म र मे-जुनमा २०० मेगावाटसम्म विद्युत खरिद बिक्री (पिपिए) सम्झौता भएको छ । पिपिएको म्याद ३० जुन २०२१सम्म रहेको छ ।

आर्थिक समाचार

एनआईसी एशियाको नयाँ वर्ष योजना

काठमाडौं । नयाँ वर्ष २०७८ ले सम्पूर्ण ग्राहकहरूमा नयाँ आशा, भरोसा एवं उमंग प्रदान गरोस् भन्ने शुभेच्छाका साथ एन आई सी एशिया बैंकले डिजिटल भुक्तानीमा २० प्रतिशतसम्मको आकर्षक छुट तथा नगद फिर्ताको योजना सार्वजनिक गरेको छ । यस आकर्षक योजनाअन्तर्गत Sastodeal, Gyapu Marketplace र Stopgrab बाट २०७८ वैशाख ३ सम्म विभिन्न सामग्रीहरू खरिद गरी बैंकका ग्राहक महानुभावहरूले ई-कमर्शमार्फत भुक्तानी गर्दा २० प्रतिशत वा अधिकतम रू.१५०० सम्म नगद रकम फिर्ता (Cash Back) प्राप्त गर्न सक्नुहुनेछ । साथै, बैंकले Daraz सँग सहकार्य गर्दै ग्राहक महानुभावहरूलाई ई-कमर्श मार्फत भुक्तानीमा २० प्रतिशत वा अधिकतम रू.१५०० सम्म छुटको योजना समेत ल्याएको छ । नेपालमा अनलाईन किनमेल बढिरहेको वर्तमान अवस्थाबीच नयाँ वर्षका बेला अझ बृद्धि हुने प्रक्षेपणअनुरुप बैंकले डिजिटल कारोबारमा आफ्ना ग्राहक महानुभावहरूलाई प्रोत्साहन गर्नका निमित्त उक्त ई-कमर्श कम्पनीहरूबाट सामग्री खरिद गर्दा आकर्षक छुट तथा नगद फिर्ताको व्यवस्था गरेको हो । यस बैंकका डेबिट तथा क्रेडिट कार्ड प्रयोगकर्ताहरूले बैंकको वेबसाइटमा रहेको iServe मार्फत समयमै आफ्नो कार्डमा ई-कमर्श सुचारु गरी यस योजनाको अधिकतम फाइदा उठाउन सक्नुहुनेछ । साथै, बैंकले Kathmandu Marriott Hotel र Drishya Lounge मा New Year Eve को दिन सेवा लिई यस बैंकको कार्डमार्फत भुक्तानी गर्दा १० प्रतिशत छुट प्राप्त गर्न सकिने योजना समेत ल्याएको छ ।

नयाँ इकमर्स कम्पनी श्रींगार डटकम संचालन

काठमाडौं । नेपालमा अहिले बिस्तारै धेरै इकमर्स कम्पनीहरु संचालनमा आउदैछन् तथा केहि आउने क्रममा छन् । यसले नेपालमा इकमर्सको व्यापार बढ्दो छ भन्ने बुझिन्छ । तर धेरै जसो अवस्थाहरुमा नेपाली ग्राहकहरुको प्रतिक्रिया मिस्रित आउने गरेका छन् । अनलाइन बाट किन्दा सामान राम्रो नभएको, डुप्लीकेट सामानहरु पाईएको तथा सामान समयमा डेलिभरी नभएको आदिआदि । यो समस्यालाई चिर्दै नेपालीबजारमा ब्राण्डेड तथाओरिजीनल सामानहरुमात्रबिक्रि गर्ने गरी श्रृंगार डटकम नामकइकमर्स कम्पनीहालै मात्र नेपालमा शुरु भएको छ । श्रृंगार डटकम का व्यवस्थापक रवी दुवालका अनुसार, श्रृंगार डटकममा केवल ब्राण्डेड कस्मेटिक्स, स्कीनकेयर, तथा कपडाहरु खरिद गर्न सकिनेछ । यसकम्पनी मार्फत केवल ब्राण्डेड सामानहरुको बिक्रिगर्ने बिक्रेताहरुले आफ्ना सामानहरु बिक्रिगर्न सक्नेछन् । नेपालीयुवाउद्यमीहरुले संचालन गरेको यो ईकमर्श कम्पनी गत वर्षको बैशाखदेखि परिक्षण संचालन गरिरहेको छ र यो बैशाख देखि पुर्ण रुपमा संचालनमा आउँदैछ ।

जनप्रतिनिधिले नै लगाए नगरपालिकामा ताला

सिरहा । सिरहाको कल्याणपुर नगरपालिकामा जनप्रतिनिधिहरूले लगाएको तालाबन्दीका कारण कामकाज ठप्प भएको छ। जनहितका विषयलाई प्राथमिकता नदिएको र नगर प्रमुख तथा प्रशासकीय अधिकृतको मिलेमतोमा अनियमितता हुँदै आएको भन्दै नगरका ८ वडाध्यक्ष र ७ जना कार्यपालिका सदस्यले तालाबन्दी गरेका हुन् ।

उनीहरूले विभिन्न ११ बुँदे माग राखेका छन् । मेयर र प्रमुख प्रशासकीय अधिकृतको मिलेमतोमा कार्यपालिकालाई जानकारी नदिई कमिसन र घूस लिई सेटिङमा विभिन्न कार्यहरू हुँदै आएको वडा ३ का अध्यक्ष अशोक मण्डलले बताए। नगरपालिकामा भएको अनियमितताको छानबिन, आयव्यय पारदर्शी, कार्यपालिका बैठक नै नबसी मनपरी तरिकाले भएको नियुक्ति खारेज, पोखरी ठेक्का प्रक्रियालाई पारदर्शी गर्नुपर्ने, अधिकृतले आफूखुसी बाँडेको योजनाहरू बदर गरी कार्यपालिकाको निर्णयअनुसार गर्नुपर्ने, सबै जनप्रतिनिधिहरूको जानकारीबिना हुने गरेको नगरस्तरीय योजनाको उपभोक्ता समिति गठन कार्य रोक्नुपर्नेलगायतका माग उनीहरूको छ । नगरपालिकाले ९ महिनादेखि सामाजिक सुरक्षा भत्तासमेत वितरण नगरेको र यसबारे पटकपटक ध्यानाकर्षण गराउँदा पनि बेवास्ता गरेको कल्याणपुर-११ का वडाध्यक्ष राजेश्वर यादवले बताए । उनले नगरका बेथितिहरू समाधानका लागि आफूहरूले पटकपटक प्रयास गरे पनि वास्ता नभएको र अन्त्यमा तालाबन्दी गर्नुपरेको जानकारी दिश्र नगरपालिकाकी कार्यवाहक मेयर रोहिनी यादवले भने आफूलाई मागबारे कुनै जानकारी नै नदिई तालाबन्दी गरिएको दाबी गरिन । कल्याणपुरको मेयरमा निर्वाचित सूर्यनाथ मण्डल घूस प्रकरणमा मुछिएपछि निलम्बित छन् । त्यसयता नगरपालिकाकी उपप्रमुख रोहिनी यादवले कार्यवाहक मेयरका रूपमा कार्यभार सम्हाल्दै आएकी छन् । नगरपालिकामा १२ वटा वडामध्ये ६ वटामा तत्कालीन राजपाका, ३ वटामा तत्कालीन एमालेका, २ वटामा कांग्रेसका र एउटामा स्वतन्त्र वडाध्यक्ष छन् ।

उद्योग वाणिज्य संघको अध्यक्षमा महासेठ निर्वाचित

जनकपुरधाम । जनकपुरधाम उद्योग वाणिज्य संघको अध्यक्षमा युवा व्यवसायी जितेन्द्र महासेठ र वरिष्ठ उपाध्यक्षमा मनिषरमण साह निर्वाचित भएका छन् । महासेठले २ हजार ८ सय ३५ मत प्राप्त गरे भने उनका निकटतम् प्रतिद्वन्द्वी जितेन्द्र प्रसाद साहले १ हजार ४ सय ९८ मत प्राप्त गरेका हुन् । वरिष्ठ उपाध्यक्षमा युवा व्यवसायी मनिषरमण साहले ४५ मतको अन्तरले प्रतिद्वन्द्वी सुरेन्द्र भण्डारीलाई पराजित गरेका हुन् ।

साहले २ हजार १ सय ९५ मत ल्याएर विजयी भएका हुन भने भण्डारीले २ हजार १ सय ५० मत प्राप्त गरे । उपाध्यक्षमा अम्बु प्रसाद साहले १ हजार ३० मत ल्याइ विजयी भएका छन् । उनका निकटतम् प्रतिद्वन्दी लक्ष्मण साहले १ हजार ६ मत प्राप्त गरे ।

त्यस्तै, महासचिवमा मनोज साह (दवाईवाला) ले १ हजार ९ सय मत ल्याइ विजयी भए । उनका प्रतिद्वन्द्वी राम महासेठले ६ सय ६३ मत प्राप्त गरे । सचिवमा फुलदेव पण्डितले २ हजार ३ सय ४१ मत ल्याइ विजयी भए । उनका प्रतिद्वन्द्वी गोपी साहले १ हजार २ सय ९४ मतमा सिमित भए ।

कोषाध्यक्षमा परमेश्वर साह (आशा) ले २ हजार १ सय ७ मत प्राप्तगरि विजयी भए । उनका प्रतिद्वन्द्वी विजय कुमार साहले १ हजार ५ सय ६ मत प्राप्त गरेका थिए । महिला सदस्यमा मायाकुमारी साह निर्वाचित भएकी छिन । एसोसिएट सदस्य पदमा चन्दन साह र महिला उपाध्यक्षमा दिपिका राय निर्विरोध निर्वाचित भएका छन् ।

नेपाल पत्रकार महासंघको अध्यक्षमा विपुल पोखरेल निर्वाचित

काठमाडौं । नेपाल पत्रकार महासंघको केन्द्रीय अध्यक्षमा विपुल पोखरेल निर्वाचित भएका छन् । महासंघको अध्यक्षका निकटतम् प्रतिद्वन्द्वी निर्मला शर्मालाई पराजित गर्दै पोखरेल अध्यक्षमा निर्वाचित भएका हुन् । पोखरेलले ६९४२ मत ल्याएका छन् भने शर्माले तीन हजार बढी मत ल्याइन् । शनिबार सकिएको मतगणनाअनुसार नेपाली कांग्रेस निकट प्रेस युनियन नेपाल, नेकपा माओवादी केन्द्र निकट प्रेस संगठन नेपाल र नेकपा एमालेको माधव नेपाल समूह निकट प्रेस चौतारीसहित ११ संगठनको गठबन्धनको तर्फबाट पोखरेल अध्यक्षको उम्मेदवार बनेका थिए ।

एमालेको ओली समूह निकट प्रेस चौतारी, जनता समाजवादी पार्टीसम्बद्ध प्रेस मञ्च, नेकपा विप्लव समूह समर्थित जनपत्रकार संघसहित ९ वटा संघको तर्फबाट अध्यक्षको उम्मेदवार बनेकी शर्माले ३ हजार ९१५ मत पाएकी छन् । अध्यक्षका अर्का उम्मेदवार गजेन्द्र बुढाथोकीले ४९१ मत पाएका छन् ।

पदाधिकारीमा विपुलकै प्यानलका उम्मेदवार निर्वाचित भएका छन् । वरिष्ठ उपाध्यक्षमा रमेश विष्ट, महिला उपाध्यक्षमा बाला अधिकारी, समावेशी उपाध्यक्षमा उदय जीएम निर्वाचित भएका छन् । महासचिवमा रोशन पुरी, खुला सचिवमा गोविन्दप्रसाद चौलागाईं, महिला सचिवमा सृजना अर्याल र समावेशी सचिवमा नारायण किलम्बु र एशोसिएट सचिवमा पवन आचार्य निर्वाचित हुँदा कलेन्द्र सेजुवाल कोषध्यक्ष र लेखनाथ न्यौपाने लेखा समिति संयोजक चुनिएका छन् ।

निर्णायक...

सत्ता समीकरणको साँचो हातमा लिएर बसेको जसपा अनिर्णयको बन्दी बन्नुमा पार्टीको आन्तरिक कारण मुख्य हो । पार्टी स्पष्ट रुपमा दुई कित्तामा बाँडिएको छ/। पार्टीका दोश्रा तहका नेताहरू पनि दुई धारमा बाडिएका छन् । पार्टीभत्र विवाद यसरी बढ्दै गएको छ कि, पार्टीले आगामी बैशाख १०गते मनाउन लागेको स्थापना दिवस पनि प्रभावित हुने देखिएको छ । पार्टीभित्र विवाद बढ्दै गएपछि दुई दलका संसदीय दलको समायोजन हुन सकेको छैन । अहिले पनि तत्कालीन राजपा र तत्कालीन समाजवादीको संसदीय दल अस्तित्वमै छन् । सिंहदरबारमा अलग अलग ठाउँमा संसदीय दलका कार्यालय रहँदै आएको छ । राजपाका संसदीय दलको नेता ठाकुर हुन् भने समाजवादीका संसदीय दलका नेता यादव हुन् । दुवै पार्टीमा अलग अलग संसदीय दलका प्रमुख सचेतक छन् । पूर्व राजपाका अध्यक्ष मण्डलका ६ जना सदस्यमध्ये महेन्द्र यादवबाहेक अरु सबैले ठाकुरलाई साथ दिएका छन् । पूर्वसमाजवादीका डा. बाबुराम भट्टराईले यादवलाई साथ दिएका छन् ।

जसपामा समायोजनको प्रक्रिया सुरु भए पनि निकै सुस्त छ । पार्टीको प्रभाव मानिने प्रदेश २ र लुम्बिनी प्रदेशको एउटा जिल्लामा समायोजन टुंगिएको छैन । तत्कालीन राजपा र समाजवादीको प्रभाव नै नभएका विकट हिमाली र पहाडी जिल्लामा मात्र समायोजनको काम टुंगिएको छ ।

तर कतिपय नेताहरुले जसपाको अहिलेको ध्यान सत्ता समीकरण भन्दा आफ्ना मुद्दा कार्यान्वयन विषयमा केन्द्रित भएको दावी गर्छन । जसपाले उठाएका माग ओली सरकारले पूरा गर्न प्रक्रिया अघि बढाए पनि त्यो सत्ता समीकरणसँग सम्बन्धित नरहेको उनीहरुको तर्क छ । नेपाली कांग्रेसले केही दिन अघि माओवादी केन्द्र र जसपाका नेताहरूसँग बोलाई सत्ता समीकरणको विषयमा छलफल गरेको थियो । उक्त छलफलमा कांग्रेस सभापति देउवाले केपी ओली नेतृत्वको सरकार ढाली आफ्नै नेतृत्वको नयाँ सरकार बनाउन माओवादी केन्द्र र जसपासँग प्रस्ताव गरेका थिए । देउवाको उक्त प्रस्तावका बारेमा आन्तरिक छलफल गरेर जबाब दिने जसपाका नेताहरुले बताएका थिए । तर त्यसबारे जसपाले अहिलेसम्म कुनै जबाब दिएको छैन ।

रेशम...

नमिल्ने आदेश गरेको थियो । उच्च अदालतले २०७४ चैत २२ मा जिल्ला अदालतको आदेश सदर गर्दै थुनामा राख्न भनेको थियो । चौधरी तत्कालीन राष्ट्रिय जनता पार्टीका तर्फबाट कैलाली १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए ।

फौजदारी कार्यविधि संहिताअनुसार प्रक्रिया पुऱ्याएर राष्ट्रपतिले माफी मिनाहा दिनसक्ने व्यवस्था छ । अदालतमा विचाराधीन फौजदारी मुद्दामा भने माफी मिनाहा गर्न कानुनले मिल्दैन । तर सरकारले फौजदारी कार्यविधिमा भएको कानुनी व्यवस्थामै टेकेर माफी मिनाहा गराउन प्रक्रिया थालेको हो ।

जिल्ला र उच्च अदालतको निर्णयविरुद्ध चौधरीले सर्वोच्च अदालतमा निवेदन दिएका थिए। 'जिल्ला र उच्च अदालतको आदेश नमिलेको र बाहिरै बसेर मुद्दा लड्न पाउनुपर्ने' दावीसहित चौधरीले गत असार ५ मा सर्वोच्चमा पुनरावेदन निवदेन दर्ता गरेका हुन् । मुद्दा सर्वोच्चमा विचाराधीन छ ।

चौधरीलाई सजाय माफीका लागि जसपाले दिएको निवेदन गृह मन्त्रालयमा पुगेको छ । गृहले माफी दिन योग्य हो-होइन भन्ने विषयमा छानविन गरिरहेको छ । २०७५ पुस १९ मा चौधरी पुर्पक्षका लागि थुनामा रहेका बेला उनलाई सांसदको पद तथा गोपनीयताको सपथ खुवाइएको थियो ।

२०७२ भदौ २७ मा कैलाली टीकापुरमा थरुहट आन्दोलनका क्रममा एक बालक र नेपाल प्रहरीका एसएसपीसहित ७ सुरक्षाकर्मीको ज्यान गएको थियो। चौधरीलाई त्यस घटनाका मुख्य अभियुक्त भनी पक्राउ पुर्जी जारी गरिएपछि चौधरी फरार भएका थिए । उनी त्यति बेला थरुहट आन्दोलनको क्षेत्र नं. १ का संयोजक थिए

प्रदेश...

विसं. २०७६ मा ४५० लाई विभूषण दिइने घोषणा भएकामा कोभिड १९ को प्रभावका कारण सो वर्ष समारोह गरिएको थिएन ।

विभूषण ऐन, २०६४ को दफा ४ बमोजिम उपप्रधानमन्त्री ईश्वर पोखरेलको अध्यक्षतामा गृहमन्त्री रामबहादुर थापा, तोकिएका विज्ञ र गृहसचिव महेश्वर न्यौपाने सदस्यसचिव रहेको विभूषण समितिको बैठकले उक्त सिफारिस गरेको हो ।

शिख समुदायले मनाए वैशाखी

वीरगञ्ज । वीरगन्जका शिख समुदायले मंगलबार ३ सय २२ औं वैशाखी पर्व मनाएका छन् । त्यस अवसरमा गुरुद्वारा साहेबमा दैनिक शब्द कीर्तन गरिएको थियो । शब्द कीर्तनपछि नयाँ वर्षको शुभकामना आदानप्रदान गरिनुका साथै लंगर प्रसाद वितरण गरिएको थियो । शिख समुदायका अगुवा जसपाल सिंहकाअनुसार यसपटक प्राकृतिक प्रकोप तथा महामारीबाट सबैको रक्षाको कामना गर्दै प्रार्थना गरिएके छ। शिख समुदायले यो पर्वलाई गुरु नानक जयन्तीपछि दोस्रो ठूलो पर्वको रूपमा मनाउँछन् । वैशाखीलाई यो समुदायले नयाँ वर्ष मात्र नभई खालसा पन्थको जन्म दिवशको रूपमा पनि मनाउने गरेको उनले बताए/ । 'आजकै दिन सन् १६९९ मा भारतको पन्जाबको आनन्दपुरमा समुदायका दशम गुरु गोविन्द सिंह महाराजले खालसा पन्थलाई जन्म दिनुभएको थियो,' उनले भने, 'उहाँले आजकै दिन गुरु नानकजी महाराजले सुरुआत गरेको शिख पन्थलाई खालसा पन्थमा रूपान्तरित गर्नुभएको थियो/ ।' यसै दिन भारतको विभिन्न ५ प्रान्तबाट आफ्ना ५ भक्तहरूको चयन गरी उनीहरूलाई 'पाँच प्यारे' को रूपमा अमृत पान गराई गुरु गोविन्दसिंह महाराजले विशेष शक्ति दिई पन्थको रक्षाका लागि आफ्नो ज्यानसमेत दिन निर्देशन दिएको सिंह बताउँछन् ।

'यसै दिनदेखि शिख समुदायले अनिवार्य रूपमा पाँच कको पालना गर्नुपर्ने नियम पनि गुरु गोविन्द सिंहले बसाल्नुभयो,' सिंहले भने, 'पाँच क मा क्रमशः केश अर्थात लामो कपाल, कंघी अर्थात् काइँयो, कडा अर्थात दाहिने हातमा बाला, कृपान अर्थात् तरबार र कछेरा अर्थात कट्टु हुन्, साथै आजकै दिनबाट शिख समुदायका पुरुषको थर सिंह र महिलाको थर कौर राख्न थालिएको हो/ ।' पाँच क को पालना आजसम्म पनि समुदायले गर्दै आएको उनले बताए/ ।

मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

विशेष जानकारीका लागि सम्पर्क

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com

मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं